मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५
विज्ञापनको लागि सूचना
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : ९२ ★ ने. सं. ११४६ बछला थ्व, नवमी ★ शनिबार ★ १२ वैशाख, २०८३ ★ April 25, 2026, Saturday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप - ९

**प्रहरी वृत्त जनसेवाका कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्द**

भदौ २३ गते बिहान ८:३० देखि सिंहदरबारको पेरीमिटर सुरक्षामा खटिएको थिएँ । माइतीघर मण्डलामा प्रदर्शन सुस्मा सामान्य नै थियो । केही समयमै बुलेट मोटरसाइकलमा टाउकोमा रुमाल बाँधी आएकाहरूले भीडलाई उक्साउने, भीडलाई सिंहदरबारको पश्चिम र दक्षिण गेटतर्फ धकेल्ने प्रयास गरेपछि सुरक्षाको संवेदनशीलता बढेको थियो ।

माइतीघर मण्डलामा रहेका प्रदर्शनकारीहरू राष्ट्रिय ट्रमा सेन्टरतर्फ हिँडेको जानकारी प्राप्त भएपछि मैले नयाँ सडकस्थित सुनचाँदी व्यवसायीहरूलाई आ–आफ्नो पसल बन्द गर्न जानकारी गराएको थिएँ ।

घटनामा विभिन्न स्वार्थसम्बद्ध समूहले सम्भावित घुसपैठको आशङ्का रहेकोले निष्पक्ष छानबिन आवश्यक रहेको छ । कर्फ्युको कारण स्थानीय सहयोगी मानिसहरू बाहिर निस्कन सकेनन्, सेना उपस्थित हुँदा पनि तोडफोड रोक्न नसकिएकोले प्रहरी मनोबलमा असर पर्‍यो । सशस्त्र प्रहरीको परिचालन के कुन अवस्थामा हुनुपर्ने हो सो कुरा यकिन गर्नुपर्ने देखिन्छ ।

**प्रहरी वृत्त बालाजुका कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक ज्ञानबहादुर विष्ट**

भदौ २३ गते प्रहरी वृत्त बालाजुमा भीडले चारैतिर घेराबन्दी गरी ढुङ्गा, पेट्रोल बम प्रहार, आगजनी र तोडफोड गर्‍यो । सो दिन हर्नेट १ नाल, सर्टगन २ नाल र चाइनिज पेस्तोल १ नाल गरी कुल ७ नाल लुटिएका थिए, जसमा हालसम्म २ थान रिकभर भएको छ । करिब १७३१ राउन्ड गोली बेपत्ता छन् । करिब ७४ जना थुनुवा अभिलेख राखी छाडियो । हातिहतियार सुरक्षित गरी करिब १५:३० बजे नेपाली सेनाको १ नं. बाहिनी नेपालटारमा सरेको हुँ ।

आन्दोलनमा विभिन्न स्वार्थ समूहहरूको घुसपैठ भएको देखिन्छ । मोटरसाइकल समूह, अराजक तत्त्व र बाह्य परिचालनले आन्दोलनलाई हिंसात्मक बनाएको थियो । सशस्त्र प्रहरीबाट अपेक्षित सहयोग आएन ।

**प्रहरी वृत्त सिंहदरबारका कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक जनार्दन घिमिरे**

भदौ २३ गते करिब १०:३० मा सरकारविरोधी नारा लगाउँदै प्रदर्शन नयाँ बानेश्वरतर्फ अघि बढ्यो । कर्फ्यु आदेश १२:३० बजे जारी भयो तर ठूलो सङ्ख्याको प्रदर्शनकारीले आदेशको बेवास्ता गरेका थिए ।

भदौ २४ गते करिब ३ बजेतिर सिंहदरबारको दक्षिण गेटतर्फ जाँदा प्रदर्शनले मेरो सञ्चार सेटसमेत लुटेर लगे ।

कार्यालयमा रहेका सीमित जनशक्तिले हतियार र गोलीगट्ठा वनटन ट्रकमा लोड गरी सुरक्षित स्थानको लागि नेपाली सेनाको बन्दोबस्ती गणमा लैजाँदा गेट नखुलेपछि प्रधानकार्यालय नक्सालसम्म पुऱ्याएका थियौं ।

भदौ २४ गते सिंहदरबार परिसरभित्र धेरै ठाउँमा एकैपटकको आक्रमण, भीडको अत्यधिक सङ्ख्या, न्यून जनशक्ति र तालुक कार्यालयबाट थप फोर्स पठाउन नसकिएको अवस्थाका कारण उक्त क्षति रोक्न असमर्थ भएको हो ।

भदौ २३ गते सशस्त्र प्रहरीबाट सहयोग भए पनि २४ गते क्षति रोक्न अपेक्षाकृत पर्याप्त सहकार्य भएन ।

**प्रहरी वृत्त दरबारमार्गका कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठ**

भदौ २४ गते घातक हतियार प्रयोग नगर्ने स्पष्ट निर्देशन आएको थियो । ठूलो समूह खानी विभागतर्फबाट आएको र नेपाली सेनाले समेत अचानक कर्डन छाडेपछि प्रहरी टोलीबिचमै फसेकोले अत्यन्तै जोखिमपूर्ण अवस्था बन्यो । प्रदर्शनकारीहरूले उपराष्ट्रपति निवास आगजनी गरिदिए । ३ जना थुनुवालाई अभिलेखीकरण पछि छोडिएको थियो ।

भदौ २४ गतेको असामान्य अवस्था रोक्न नसक्नुका कारण थप प्रहरी वा बारुणयन्त्र तुरुन्त नपुग्नु, भीडले देख्ने बित्तिकै आक्रमण गर्न सुरु गर्नु, माइकिङ गर्दा उल्टै प्रहरीमाथि पेट्रोल बम, रड, ईंटा प्रहार हुनु आदि रहयो । हजारौंको सङ्ख्यामा निर्देशनविहीन तर आक्रामक गतिविधिले स्वार्थ समूहबाट घुसपैठ भएको अनुमान नकार्न सकिँदैन । सामाजिक सञ्जालका विभिन्न सामग्रीहरू प्रमाणका रूपमा उपयोग गर्न सकिने छ ।

उपराष्ट्रपति निवासको दक्षिणतर्फ नेपाली सेना तैनाथ रहेको, तर निर्णायक क्षणमा सेना कर्डन छाडेपछि प्रहरी टोलीबिचमै परेर दुवै तर्फबाट आक्रमणमा फसेको हो ।

एकै साथ राजधानीका अधिकांश प्रहरी कार्यालय आक्रमणमा परेका कारण सहयोग पुग्न नसकेको, बारुणयन्त्र समयमै नआएको र निरन्तर जोखिमले मनोबल गिराएको हो ।

# नयाँ प्यालेस्टिनी नेताका लागि इजरायली जेलमा रहेका नेता बरघोटीको चर्चा

लन्डन, ११ वैशाख (एएफपी) । विगत २४ वर्षदेखि इजरायलमा जेलमा रहेका प्यालेस्टिनी नेता मरवान बरघोटी प्यालेस्टिनको 'लोकतान्त्रिक नवीकरण' को नेतृत्व गर्न सक्ने एक सशक्त व्यक्तिका रूपमा रहेको उहाँका छोरा अरब बरघोटीले एएफपीसँगको कुराकानीमा दाबी गर्नुभएको छ ।



समर्थकहरूले 'प्यालेस्टिनको नेल्सन मण्डेला' भनेर प्रशंसा गर्ने गरिएका ६६ वर्षीय बरघोटी इजरायलको सबैभन्दा उच्च ओहोदाका कैदी हुनुहुन्छ र प्यालेस्टिनी मुद्दाको प्रतीक बन्नुभएको छ ।

कब्जामा रहेको वेस्ट ब्याङ्का धेरै भित्ताहरूमा बरघोटीका तस्बिरहरू टाँसिएका छन् । उहाँ युद्धमा इजरायली आक्रमणबाट अधिकांश भूभाग नष्ट हुनुअघि गाजामा पनि देखिनुभएको थियो ।

सन् २००० को दशकको सुरुवातमा भएको दोस्रो इन्तिफादा, प्यालेस्टिनी विद्रोहका नेताहरूमध्ये एक, मारवान बरघोटीलाई ९० वर्षीय प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासको सम्भावित उत्तराधिकारीको रूपमा प्रायः उद्धृत गरिन्छ ।

सन् २००२ मा बुबा जेलमा पर्दा बरघोटीका छोरा अरब ११ वर्षको मात्र हुनुहुन्थ्यो । इजरायली अदालतले सन् २००४ को जूनमा इजरायल र कब्जा गरिएको वेस्ट बैङ्कमा पाँच जनाको ज्यान लिने गरी चार आक्रमणमा संलग्न भएको आरोपमा उहाँलाई आजीवन कारावासको सजाय सुनाएको थियो ।

वेस्ट ब्याङ्कको रामल्लाह सहरमा बस्दै आएका ३५ वर्षीय अरबले चार वर्षदेखि आफ्ना पितालाई भेट्नुभएको छैन तर आफ्नो रिहाइको अभियानमा आफ्नो जीवन नै समर्पित गर्नुभएको छ ।

प्यालेस्टिनी इस्लामिक समूह हमासले सन् २०२३ अक्टोबर ७ मा इजरायलमा गरेको घातक आक्रमणपछि उहाँले पितासँग प्रत्यक्ष सम्पर्क गर्नुभएको छैन ।

आफ्नो बुबाको खबर वकिलमार्फत निरन्तर प्राप्त गर्नुहुन्छ । अन्तिमपटक अप्रिल १२ मा आफ्ना वकिलले बुबालाई भेटेको र उहाँलाई हालैका हप्ताहरूमा तीनपटक हिंसात्मक आक्रमण गरिएको थियो ।

"हामीले उहाँमाथिको दुर्व्यवहार र यातनाको बारेमा थाहा पायौं," अरबले आफ्नो बुबाको रिहाइको लागि लन्डनमा एक अन्तर्वार्तामा एएफपीसँग भन्नुभयो ।

इजरायली कारागार अधिकारीहरूले एक विज्ञप्ति जारी गर्दै आरोपहरू 'झूटो, यसअघि लगाइँदै आएको आरोपको निरन्तरता र पूर्ण रूपमा निराधार भएको' बताउनुभएको छ ।

अगस्टको तस्बिरमा बरघोटीका बुबा कमजोर र शारीरिक रूपमा दुब्लो देखिनुभएको थियो तर वकिलले उहाँलाई 'सधैंजस्तो तकडा, मानसिक रूपमा धेरै तीक्ष्ण' भएको बताएका थिए ।

बरघोटीका अनुसार वर्षौंको कारावासपछि पनि उहाँका बुबाको लोकप्रियता कम भएको छैन ।

"हामीलाई एकीकृत नेतृत्वको सख्त आवश्यकता छ । मलाई लाग्छ कि उहाँले यसको प्रतिनिधित्व गर्नुहुन्छ । उहाँ प्यालेस्टिनमा भविष्यको लोकतान्त्रिक नवीकरण र एकताको प्रतिनिधित्व गर्नसक्नुहुन्छ ।

अब्बासको फताह पार्टीका लामो समयदेखि सदस्य रहेका मरवान बरघोटीलाई हमासका लडाकुसहित सबै प्यालेस्टिनी राजनीतिक गुटहरूले नेताको रूपमा स्वीकार गर्न सक्ने दुर्लभ व्यक्तित्वमध्ये एक मानिन्छ । इजरायली जेलमा रहेका उहाँ चाँडै रिहा हुने कुनै सङ्केत भने छैन ।

अरबले जोड दिनुभयो, "विनाशकारी गाजा युद्ध र वेस्ट बैङ्कमा फैलिरहेको यहुदी बस्तीको बावजुत उहाँका बुबाले आफ्ना जनताका लागि कहिल्यै आफ्नो आशा त्याग्नुभएको छैन ।"

बरघोटी अझै लामो समयदेखि प्रचार गरिएको दुई-राज्य समाधानमा विश्वास गर्नुहुन्छ, जसले भविष्यमा प्यालेस्टिन राज्य इजरायलसँगै एक छिमेकीको रूपमा देख्नेछ ।

"उहाँले वर्तमान इजरायली सरकारले मूल रूपमा दुई-राज्य समाधानलाई जानाजानी मारिरहेको छ र सम्पूर्ण विश्वले यसलाई हेरिरहेको छ," अरबले भन्नुभयो ।

उहाँले भन्नुभयो, "मलाई लाग्छ, अन्य कुनै पनि कुराभन्दा बढी उहाँको सबैभन्दा ठूलो उद्देश्य प्यालेस्टिनी स्वतन्त्रता हो, सम्मानका साथ बाँच्नु हो ।"

अरब वर्तमान प्यालेस्टिनी नेतृत्व र रामल्लाहमा रहेको प्यालेस्टाइन प्राधिकरण (पीए) को आलोचक हुनुहुन्छ ।

बाँकी पृष्ठ ८ मा

# भोकमरी प्रभावित विश्वका १० देश : राष्ट्रसङ्घीय प्रतिवेदन

रोम, ११ वैशाख (एएफपी) । गत वर्ष विश्वव्यापी रूपमा खाद्यान्न सङ्कटको सामना गरिरहेका दुईतिहाइ मानिसहरू मुख्यगरी १० वटा देशका रहेको राष्ट्रसङ्घको प्रतिवेदनले जनाएको छ । प्रतिवेदन अनुसार तिनीहरूमध्ये एकतिहाइ सुडान, नाइजेरिया र कङ्गोका रहेका छन् ।

संयुक्त राष्ट्र सङ्घ युरोपेली सङ्घ र मानवीय निकायहरूको तथ्याङ्कमा आधारित खाद्य सङ्कटसम्बन्धी ग्लोबल रिपोर्टअनुसार द्वन्द्व तीव्र खाद्य असुरक्षाको मुख्य कारण रहेको बताइएको छ ।

द्वन्द्व र जलवायु परिवर्तनले प्रभावित देशको आगामी अवस्था निर्धारण गर्ने सम्भावना रहेको रिपोर्टले जनाएको छ ।

अफगानिस्तान, बङ्गलादेश, कङ्गो, म्यानमा, नाइजेरिया, पाकिस्तान, दक्षिण सुडान, सुडान, सिरिया र यमन गरी १० वटा देशहरूमा तीव्र खाद्य असुरक्षा रहेको प्रतिवेदनमा उल्लेख छ ।

रिपोर्टमा खाद्य असुरक्षा दुई अलग-अलग सन्दर्भहरूमा पुष्टि भएको छ भने गाजा र सुडानका केही भागहरूमा एकै वर्षमा तीव्र खाद्य असुरक्षा देखा परेको जनाइएको छ ।

विश्वव्यापी रूपमा ४७ देशका करिब २६ करोड ६० लाख मानिसहरूले गत वर्ष उच्च स्तरको खाद्य असुरक्षाको अनुभव गरेको जनाइएको छ ।

जसले अन्तर्राष्ट्रिय सहायतामा तीव्र गिरावटको पनि चेतावनी दिएको छ भने मध्यपूर्व युद्धका कारण विस्थापितहरूको सङ्ख्या बढेर विद्यमान सङ्कट अझै बढ्ने जोखिम रहेको बताएको छ । प्रमुख तेल आपूर्ति मार्ग, स्ट्रेट अफ हर्मुजको अवरोधले मूल्य वृद्धि हुँदै जाँदा अझै आद्य असुरक्षा बढ्ने सम्भावना रहेको प्रतिवेदनले औंल्याएको छ ।

हाल खेतीवाली गर्ने समयमा मल अभाव र मूल्य वृद्धिले सङ्कट अझै बढ्ने सम्भावना रहेको संयुक्त राष्ट्रसङ्घको अन्तर्राष्ट्रिय कृषि विकास कोष (आइएफएडी) का प्रमुख अल्वारो लारियोलेलाई उद्धृत गर्दै एएफपीले जनाएको छ ।

उहाँले साना किसानहरूलाई थप सहयोगको लागि आह्वान गर्दै पानी र जलवायुअनुसारका बालीहरूमा लगानी गर्न आह्वान गर्नुभएको छ ।

स्थानीय रूपमा मल उत्पादन गर्ने किसानहरूले माटोको स्वास्थ्य सुधार गरेर सङ्कट कम गर्न सक्ने उहाँले बताउनुभएको छ । मल उत्पादनका लागि स्थानीय निजी क्षेत्रका लागि उपकरण तथा अवसर सिर्जना गरी दिगोपन र कायम गर्न सकिने लारियोले बताउनुभएको छ ।

व्यङ्ग्यचित्र कुनो





**काठमाडौँमा वायु प्रदूषण र तुवाँलो**
काठमाडौँको मनमैजुबाट शुक्रबार बिहान देखिएको काठमाडौँमा वायु प्रदूषण र तुवाँलो। *तस्बिरः हरिराम भेटुवाल रासस*

# वैशाख ११ : लोकतन्त्र दिवस

काठमाडौँ, ११ वैशाख। बीसौँ लोकतन्त्र दिवस विभिन्न कार्यक्रम आयोजना गरी शुक्रबार देशभर मनाइयो।

विसं २०६३ वैशाख ११ गते तत्कालीन राजा ज्ञानेन्द्रले आन्दोलनरत दलको मार्गचित्रबमोजिम विसं २०५९ जेठ ८ गते विघटन भएको संसद् पुनर्स्थापना गर्नुभयो। जनताको विजय भएको खुसीयालीमा विसं २०६४ देखि देशभर लोकतन्त्र दिवस मनाउन थालिएको हो।

विसं २०५९ असोजमा संसद् विघटनपछि सशस्त्र द्वन्द्वका कारण निर्वाचन हुन सकेन। निर्वाचन नभएपछि राजाले इच्छा लागेका मानिसलाई प्रधानमन्त्री बनाउने र हटाउने शृङ्खला चल्यो।

राजा ज्ञानेन्द्रले लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा र शेरबहादुर देउवा गरी तीन जनालाई प्रधानमन्त्री बनाउँदै हटाउँदै गर्नुभयो। विसं २०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले शासन सत्ता आफ्नै हातमा लिनुभएपछि आन्दोलनरत सात दल र तत्कालीन सशस्त्र युद्धरत नेकपा (माओवादी) का बिच १२ बुँदे समझदारी भयो।

विसं २०६२ मङ्सिरमा १२ बुँदे समझदारीका माध्यमबाट तीन ध्रुवमा विभाजन भएका राजनीतिक शक्ति दुई ध्रुवमा आएपछि आन्दोलनले गति लियो। २०६२ फागुनदेखि पूर्वप्रधानमन्त्री एवं नेपाली काङ्ग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सुरु भएको निर्णायक आन्दोलनले चैतमा गति लियो।

नयाँ वर्षसँगै लाखौँ जनता सडकमा आए। चक्रपथ मानवसँगरले भरिएपछि राजा ज्ञानेन्द्र दलहरूको मार्गचित्रमा सहमत हुनुभयो। आन्दोलनरत दलले गरेकै मस्यौदाका आधारमा राजा ज्ञानेन्द्रले वैशाख ११ गते राति संसद् पुनर्स्थापनाको घोषणा गरी बैठकसमेत आह्वान गर्नुभयो। यसैले यस दिनलाई लोकतन्त्र दिवस भनिन्छ। यो दिन नै गणतन्त्रको जगका रूपमा स्थापित बन्यो।

विसं २०६३ जेठ ४ गतेको संसद्ले राजदरबारको अधिकार कटौती गर्दै राजसंस्थालाई निलम्बन गर्यो। बैठकले माओवादीलाई शान्ति प्रक्रियामा ल्याई संविधानसभा निर्वाचन गर्ने सङ्कल्प प्रस्ताव पारित गरेको थियो। यसलाई नेपाली म्याग्नाकार्टा पनि भनिन्छ।

यसैको जगमा विसं २०६४ चैत २८ गते पहिलो संविधानसभा निर्वाचन भयो। संविधानसभाको २०६५ जेठ १५ गते बसेको पहिलो बैठकले २४० वर्षे राजसंस्थाको विधिवत् अन्त्य गर्यो। पहिलो संविधानसभाले संविधान जारी गर्न नसके पनि धेरै काम गरेको थियो।

विसं २०७० मङ्सिर ४ गते सम्पन्न दोस्रो संविधानसभा निर्वाचनबाट निर्वाचित सभाले २०७२ असोज ३ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भयो। संविधानबमोजिम दुईपटक तीनै तहको निर्वाचन सम्पन्न भई आन्दोलनको बलमा बनेको संविधान कार्यान्वयन भइरहेको छ।

जसअनुसार सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले शासन सञ्चालन गरेका छन्। यो परिवर्तनको प्रवेशद्वार भएकाले वैशाख ११ गतेलाई लोकतन्त्र दिवसका रूपमा मनाउने गरिएको छ। ***रासस***

# अवैध रूपमा बनाइएका घरटहरा खाली गर्न काठमाडौँ प्रशासनको सूचना

काठमाडौँ, ११ वैशाख। जिल्ला प्रशासन कार्यालय काठमाडौँले नदी किनाराका सार्वजनिक, सरकारी तथा पर्ति जग्गाहरूमा अवैध रूपमा बनाइएका घरटहराहरू शुक्रबार साँझ ७:०० बजेसम्ममा खाली गर्न सूचना जारी गरेको छ।

सो कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी मुक्तिराम रिजालद्वारा शुक्रबार जारी अत्यन्त जरुरी सूचनामा सार्वजनिक आवागमन र सहरी अतिआवश्यक पूर्वाधारको निर्माण र नदीको बहावसमेतलाई प्रतिकूल प्रभाव पार्ने गरी एवं आफ्नो जीउज्यानसमेत जोखिममा पारी बसोबास गरेका सम्पूर्ण घरटहरा तथा घरटहरामा रहेका व्यक्तिहरूलाई सो आग्रह गरेको हो।

घरटहरा आफैँले खाली गर्न नसक्ने अवस्थामा महानगरीय प्रहरी, नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई खबर गर्न पनि आग्रह गरिएको छ। त्यस्ता घरटहराहरूमा रहेका आफ्ना निजी सरसामान, लत्ताकपडा, घरपालुवा पशुपन्छी सुरक्षित स्थानमा तत्काल सार्ने व्यवस्था गर्न पनि भनिएको छ।

घरटहरामा बसोबास गर्ने अपाङ्ग, साना बालबालिका, गर्भवती, सुत्केरी, वृद्धवृद्धा एवं बिरामी व्यक्तिहरूलाई प्राथमिकता दिँदै अन्यत्र सुरक्षित स्थानमा सार्न सूचनामा भनिएको छ। वैशाख १२ गते बिहान ६:०० बजेदेखि त्यस्ता घरटहरा भत्काउने, अतिक्रमित जग्गा पूर्ण रूपमा खाली गर्ने कार्य हुने र कोही कसैले बाधा अवरोध सृजना गरेमा कानुनबमोजिम कडा कारबाही गरिने जनाइएको छ।

सूचनामा सुरक्षित रूपमा बसोबासको व्यवस्था भएपछि नेपाल सरकारका सम्बन्धित मन्त्रालय तथा अन्य अधिकारप्राप्त निकायबाट वास्तविक भूमिहीन सुकुम्बासीहरूको लगत लिने र स्क्रिनिङ गर्ने कार्य तत्काल सुरु हुने जानकारी दिइएको छ।

आगामी १०-१५ दिनभित्र पहिचान भएका वास्तविक भूमिहीनलाई बसोबासको उचित प्रबन्ध गर्न तयारी भइरहेको छ। "यदि कोही कसैले यस सूचनालाई अटेरी गरी बसेको खण्डमा स्थानीय प्रशासन, प्रहरी र काठमाडौँ महानगरपालिकासमेतको संयुक्त कारबाहीबाट भत्काइने संरचना र क्षति हुने व्यक्तिगत सम्पत्तिको जिम्मेवार तपाईँ स्वयं हुनेहुनेछ," सूचनामा उल्लेख छ। ***रासस***

# सहयोगका लागि वास्तविक सुकुमवासीलाई आग्रह

काठमाडौँ, ११ वैशाख। सरकारले सुरु गर्न लागेको सुकुम्वासी/भूमिहीन व्यवस्थापन प्रक्रियालाई सघाउन नेपाल प्रहरीले नदी किनार तथा सार्वजनिकस्थलमा बसोबास गरिरहेका नागरिकलाई आग्रह गरेको छ।

सुकुम्वासी/भूमिहीनको उज्ज्वल भविष्य, सुरक्षित बसोबास र सम्मानजनक जीवनयापन सुनिश्चितताका लागि सुकुम्वासी व्यवस्थापन अभियान सञ्चालन गर्न लागिएको प्रहरीले जनाएको छ। वास्तविक सुकुम्वासी/भूमिहीन पहिचान गरी न्यायोचित आवास तथा अधिकार प्रदान गर्ने उद्देश्यका साथ उक्त अभियान सुरु हुन लागेको नेपाल प्रहरीका प्रहरी प्रवक्ता अबिनारायण काफ्लेले जानकारी दिनुभयो।

सोसम्बन्धी समस्या समाधान नहुँदा वास्तविक सुकुम्वासी/भूमिहीन राज्यबाट प्राप्त हुने सेवासुविधाबाट वञ्चित हुनुपरेको जनाउँदै प्रहरीले आफ्नो हक, अधिकार मिच्ने नक्कली सुकुम्वासी/भूमिहीन व्यक्तिहरूको पहिचान गरेर सहयोग गर्न आग्रह गरेको छ।

"वास्तविक सुकुम्वासी/भूमिहीनहरू एकजुट भएर राज्यले गर्न लागेको व्यवस्थापन कार्यमा सहयोग तथा सहकार्य गरी सुरक्षा निकायलाई समयमा सही सूचना दिई सहयोग गरिदिनुहुन हामी विनम्र अनुरोध गर्दछौँ," प्रहरी प्रधान कार्यालयद्वारा शुक्रबार जारी अपिलमा उल्लेख छ। ***रासस***

# धादिङ, नुवाकोट र रसुवाका बस अब नयाँ बसपार्कबाट मात्रै छुट्ने

काठमाडौँ, ११ वैशाख। धादिङ, नुवाकोट र रसुवा चल्ने सार्वजनिक सवारीसाधन अब नयाँ बसपार्क भित्रबाट सञ्चालन हुन थालेका छन्।

यसअघि माछापोखरी र बालाजु सडक आसपासमा पार्किङ गरेर सञ्चालन हुँदै आएका बस शुक्रबारदेखि नयाँ बसपार्क भित्रबाट सञ्चालन हुन थालेका हुन्।

काठमाडौँ महानगरपालिका कार्यवाहक प्रमुख सुनिता डङ्गोलको अध्यक्षतामा गत मङ्गलबार महानगरपालिकामा बसेको सरोकारवाला निकायको बैठकले काठमाडौँभित्रका सबै सार्वजनिक यातायातका साधनलाई गोँगबुस्थित नयाँ बसपार्क भित्रबाट सञ्चालन गर्ने निर्णय गरेको थियो।

उक्त बैठकले तीन दिनभित्र सबै सार्वजनिक सवारी साधनलाई अनिवार्य रूपमा नयाँ बसपार्क भित्रबाट सञ्चालन गर्ने निर्णय गरेसँगै शुक्रबार बिहानैदेखि धादिङ, नुवाकोट र रसुवा चल्ने सार्वजनिक बस नयाँ बसपार्क भित्रबाट सञ्चालन हुन थालेका हुन्।

यातायात कार्यालयका अनुसार हाल काठमाडौँ उपत्यकामा झन्डै २० लाख हाराहारीमा सवारीसाधन सञ्चालनमा छन्। पछिल्लो समय राजधानी काठमाडौँलगायत देशभर निजी तथा सार्वजनिक सवारीसाधनको सङ्ख्या वृद्धि हुँदा र बाटो विस्तार नहुँदा ट्राफिक व्यवस्थापनमा चुनौती थपिँदै गएको छ।

# सुनसरी प्रहरीको 'स्वीप अपरेसन' मा १२० जना नियन्त्रणमा

धरान (सुनसरी), ११ वैशाख। जिल्ला प्रहरी कार्यालय सुनसरीले सञ्चालन गरेको 'स्वीप अपरेसन' मा २४ घण्टाको अवधिमा लागुऔषध बिक्री वितरण, सेवन तथा समाजमा गुण्डागर्दीमा संलग्न रहेको १२० जनालाई नियन्त्रणमा लिएको छ।

शान्ति सुरक्षा कायम गर्न तथा अवाञ्छित गतिविधि नियन्त्रण गर्ने उद्देश्यले जिल्ला प्रहरी कार्यलय सुनसरी मातहतका विभिन्न युनिटहरूसँग समन्वय गरी अपरेसन सञ्चालन गरिएको जिल्ला प्रहरी कार्यालय सुनसरीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक चन्द्र खड्काले जानकारी दिनुभयो। उहाँका अनुसार वैशाख ९ गते साँझ ६ बजेदेखि १० गते बिहान ६ बजेसम्म पहिलो चरण र १० गते साँझ ६ बजेदेखि ११ गते बिहान ६ बजेसम्म दोस्रो चरण गरी दुई चरणमा अपरेसन सञ्चालन गरिएको थियो।

सुनसरीका विभिन्न स्थानबाट नियन्त्रणमा लिइएकामध्ये ११५ जना पुरुष र पाँच जना महिला रहेका छन्। पक्राउ परेकामध्ये १० जना पुरुष र पाँच जना महिलालाई सुधार केन्द्र पठाइएको छ। त्यसैगरी, मादकपदार्थ सेवन गरी सार्वजनिक स्थलमा होहल्ला गर्ने तथा शान्ति भङ्ग गर्ने ७६ जना पुरुषलाई सम्झाइबुझाइ आफन्तको जिम्मा लगाइएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार लागुऔषध मुद्दामा दुई जना पुरुषविरुद्ध मुद्दा दर्ता गरिएको छ भने एक जना फरार रहेका छन्। अन्य २६ जना पुरुषमाथि थप अनुसन्धान भइरहेको छ। अपरेसनका क्रममा २६.५६ ग्राम ब्राउन सुगर र ४४ पिस लागुऔषध ट्याब्लेट बरामद गरिएको छ। सूचना अधिकारी खड्काले लागुऔषध नियन्त्रण तथा शान्ति सुरक्षा कायम गर्न यस्ता अभियानलाई निरन्तरता दिइने बताउनुभयो। ***रासस***

# एकैपटक १७ चिकित्सकको लाइसेन्स खारेज

काठमाडौँ, ११ वैशाख। नेपाल मेडिकल काउन्सिलले एकैपटक १७ जना चिकित्सकको दर्ता प्रमाणपत्र (लाइसेन्स) खारेज गरेको छ।

काउन्सिलले नेपाली नागरिकता परित्याग गरेका १७ जना चिकित्सकको लाइसेन्स दर्ता खारेज गरेको काउन्सिलका रजिष्ट्रार डा. सतिशकुमार देवले जानकारी दिनुभयो। उहाँले नेपाली नागरिकता त्यागी विदेश राहदानी लिएका ती चिकित्सकको लाइसेन्स खारेज गरिएको बताउनुभयो। उहाँले ती चिकित्सकको दर्ता किताबबाट नाम हटाइएको बताउनुभयो।

"नेपाल मेडिकल काउन्सिल ऐन २०२०, नियमावली २०२४, नेपाल नागरिकता ऐन २०६३ अनुसार नेपाली नागरिकता परित्याग गरी विदेशी राहदानी लिएका ती १७ जना चिकित्सकको काउन्सिलको दर्ता किताबबाट नाम दर्ता खारेज गर्ने निर्णय गरिएको छ," उहाँले भन्नुभयो।

उहाँका अनुसार यसरी लाइसेन्स खारेजीमा पर्ने चिकित्सकहरूमा डा. शर्मिला गुरुङ, डा. रोशन भुसाल, डा. मोती गुरुङ, डा. देवराज रेग्मी, डा. मेरिना गुरुङ, डा. नीरञ्जनदेव पाण्डे, डा. रोजन केसी, डा. ममता गुरुङ, डा. राजीव हमाल, डा. सलुजा सिंह थारुलगायत रहनुभएको छ। यस्तै डा. सुजना केसी, डा. जोस्ना शाही, डा. मनिषा हमाल, डा. सुप्रिया शाक्य, डा. इच्छा न्यौपाने, डा. दीपेन ढकाल र डा. तुसार सरवजना रहनुभएको छ।

ती लाइसेन्स खारेज गरिएका चिकित्सक ब्रिटिश, अमेरिकी, पोर्चुगाली, क्यानडियन, भारतीय, अस्ट्रेलियन, हङकङलगायत देशको नागरिता लिएका छन्। ***रासस***

# जुम्लाका स्थानीय तहले आइतबार पनि विद्यालय सञ्चालन गर्ने

जुम्ला, ११ वैशाख। जुम्लाका आठवटा स्थानीय तहमध्ये तीनवटा स्थानीय तहले आइतबार पनि विद्यालय सञ्चालन गर्ने भएका छन्। विद्यमान पाठ्यक्रमअनुसार दुई दिनको सार्वजनिक बिदाले निर्धारित पाठ्यभार पूरा गर्न नसकिने भन्दै यहाँको कनकासुन्दरी, सिञ्जा र तातोपानी गाउँपालिकाले आइतबार पनि नियमित पठनपाठन जारी राख्ने सार्वजनिक सूचनामार्फत जनाएका छन्।

तातोपानी गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईँका अनुसार पालिकाभित्रका २९ वटै सामुदायिक विद्यालय वैशाख १५ गतेदेखि पूर्ण रूपमा सञ्चालनमा आउनेछ। सिञ्जा गाउँपालिकाले वैशाख ८ गतेदेखि पालिकाभित्रका सबै विद्यालयमा नियमित पठनपाठन सञ्चालनमा आएको गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धितालले जानकारी दिनुभयो।

जिल्लाको कनकासुन्दरी गाउँपालिकाले वैशाख ७ गतेदेखि नियमित पठनपाठन सुरु गरेको गाउँपालिकाका कावाध्यक्ष प्रेमकली बुढाको भनाइ छ। नेपाल सरकारले शैक्षिकसत्र २०८३ का लागि वैशाख १५ गतेदेखि भर्ना अभियान र २१ गतेदेखि नियमित पठनपाठन सुरु गर्ने निर्णय गरे पनि यहाँका कनकासुन्दरी, सिञ्जा र तातोपानी गाउँपालिकाले भने आफ्नै शैक्षिक क्यालेन्डरअनुसार शैक्षिकसत्र कार्यक्रम सुरु गरेका छन्।

नेपाल सरकार मन्त्रिपरिषद्को गत चैत १२ गतेको बैठकले शनिबार र आइतबार हप्ताको दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेको थियो। मन्त्रिपरिषद्को निर्णयअनुसार शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरले गत चैत २६ गते ७७ वटै जिल्लामा सरकारले दिएको निर्देशन पालना गर्न पत्राचार गरेको थियो। ***रासस***

## सङ्क्षिप्त समाचार

# कर्मचारीलाई वैदेशिक भ्रमणमा मनोनयन नगर्न सरकारको निर्देशन

काठमाडौँ, ११ वैशाख । सरकारले आगामी तीन महिना कुनै पनि कर्मचारीलाई वैदेशिक भ्रमणमा मनोनयन नगर्न निर्देशन दिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मन्त्रालय, आयोग र निकाय (सबै)लाई पत्राचार गर्दै उक्त व्यवस्था गर्न निर्देशन दिएको हो ।

सरकारको गत चैत १३ गतेको निर्णयअनुसार स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीको उच्च प्राथमिकतका साथ कार्यान्वयन भइरहेको सन्दर्भमा प्रधानमन्त्री कार्यालयले उक्त निर्देशन दिएको हो । "कर्मचारी वैदेशिक भ्रमणमा जाँदा उक्त एक सय कार्यसूचीको कार्यान्वयनमा बाधा उत्पन्न हुनसक्ने भएकाले वैदेशिक भ्रमणमा कुनै पनि कर्मचारीलाई मनोनयन नगर्न अनुरोध छ," प्रधानमन्त्री कार्यालयद्वारा जारी निर्देशनमा उल्लेख छ । ***रासस***

# लागूऔषधसहित विभिन्न स्थानबाट बाह्र जना पक्राउ

काठमाडौँ, ११ वैशाख । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट लागुऔषधसहित १२ जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गाबाट लागुऔषध ब्राउनसुगरसहित कञ्चनपुरको बेदकोट नगरपालिका-७ का २० वर्षीय अरूण चौधरीलाई पक्राउ गरिएको हो ।

यसैगरी, काठमाडौँ महानगरपालिका-१६ माछापोखरीबाट चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने विभिन्न औषधिसहित सोही स्थानका ४७ वर्षीय दीपक श्रेष्ठलाई पक्राउ गरिएको छ ।

मोरङको उर्लाबारी नगरपालिका-९ का बलबहादुर श्रेष्ठलाई निजकै घरबाट, कैलालीको गोदावरी नगरपालिका-४ गोदावरीस्थित डिएन रूद्र प्लाजा होटलबाट चार जना, धनगढी उपमहानगरपालिका-१३ श्रीलङ्का मुक्त कमैया टोलबाट दुई र टीकापुर नगरपालिका-१ बाट दुई जनालाई खैरो हेरोइन र डिजिटल तराजुसहित पक्राउ गरिएको छ । उदयपुरको बेलका नगरपालिका-८ कोठुबाट २७ किलोग्राम गाँजासहित सोही नगरपालिका-८ माजटोलका २५ वर्षीय अशोक राईलाई पक्राउ गरिएको छ । ***रासस***

# दोस्रो दिनको 'स्वीप अप्रेसन' मा एकसट्ठी जना पक्राउ

गण्डकी, ११ वैशाख । कास्की प्रहरीले बिहीबार सञ्चालन गरेको दोस्रो दिनको स्वीप अप्रेसनमा थप ६१ जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय र मातहतका कार्यालयले लागुऔषध बिक्री तथा सेवन, मदिरा पान गरेर समाजमा अशान्ति फैलाउने, गुण्डागर्दीको अभियोगमा उनीहरूलाई पक्राउ गरेको हो । स्वीप अप्रेसन बिहीबार राति ९:०० देखि आज बिहान ६:०० बजेसम्म सञ्चालन भएको थियो । अघिल्लो दिनको अप्रेसनमा जिल्लाका विभिन्न स्थानबाट १२२ जनालाई पक्राउ गरिएको थियो ।

बिहीबार पक्राउ परेका १२२ मध्ये आठ जनालाई लागू औषधसम्बन्धी कसूर तथा २७ जनालाई सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकताविरुद्धको कसूरमा म्याद थप गरी अनुसन्धान प्रक्रिया अगाडि बढाइएको छ । यसैगरी १५ जनालाई जरिवाना गरी छाडिएको, ७० जनालाई सम्झाइबुझाइ गरी अभिभावकको जिम्मा लगाइएको र दुई जनालाई 'होल्ड'मा राखिएका जिल्ला प्रहरी कार्यालयले जनाएको छ । ***रासस***

# दुई हजार ६९२ जना ट्राफिक कारबाहीमा

काठमाडौँ, ११ वैशाख । बितेका २४ घण्टामा दुई हजार ६९२ जना सवारी चालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु. सात लाख ६० हजार राजस्व दाखिला भएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादक पदार्थ सेवन गरेको ९१, यान्त्रिक अवस्था ठीक नभए पनि सडकमा निकालिएका ६३ सवारी साधन, ट्राफिक सङ्केत उल्लङ्घनकर्ता २२४ र तीव्र गतिमा सवारी साधन हुइँक्याएका १३२ जनालाई कारबाही गरिएको हो ।

यसैगरी, लेन अनुशासन पालना नगर्ने २३७, सार्वजनिक सवारी साधनका ढोका बन्द नगरी सञ्चालन गर्ने ४७, निषेधित क्षेत्रमा हर्न बजाउने ७८ निर्धारित स्थानामा यात्री चढाउने र ओराल्ने नियम उल्लङ्घनकर्ता ४० र अन्य सवारी नियम पालना नगरेका एक हजार ७८० जनालाई कारबाही गरिएको हो । ***रासस***

# सुकुमवासी मोर्चाका कार्यवाहक अध्यक्ष परियार पक्राउ

काठमाडौँ, ११ वैशाख । प्रहरीले सुकुम्वासी मोर्चाका कार्यवाहक अध्यक्ष नारायण परियारलाई शुक्रबार पक्राउ गरेको छ ।

परियारलाई बैङ्किङ कसुरसम्बन्धी मुद्दाको अनुसन्धानका लागि शुक्रबार काठमाडौँबाट पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले राससलाई जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "परियार बैङ्किङ कसुरको मुद्दामा फरार देखिएकाले हाम्रो टोलीले अहिले पक्राउ गरेर अनुसन्धान सुरु गरेको छ ।" ***रासस***



**विस्तारित सडकमा ढलको काम हुँदै**
अरनिको राजमार्गअन्तर्गत विस्तार भइरहेको काभ्रेपलाञ्चोकको साँगा-धुलिखेल सडकखण्डको बनेपा सडकको किनारमा ढलको काम गर्दै श्रमिक । पछिल्लो महिनादेखि सडक निर्माणकार्यलाई तीव्रता दिइएको छ । *तस्बिरः राजकुमार पराजुली/रासस*

# लुम्बिनी प्रदेशमा चैते धानखेतीको क्षेत्रफल घट्दै

***- भरत केसी***

लुम्बिनी, ११ वैशाख । लुम्बिनी प्रदेशका तराईका जिल्लामा चैते धानखेतीमा किसानको आकर्षण क्रमशः घट्दो अवस्थामा पुगेको छ । तराईका जिल्लाको तुलनामा पहाडी जिल्लामा भने चैते धानखेती विस्तार भए पनि सन्तोषजनक छैन ।

तराईका जिल्लामा धानखेतीको विकल्पमा हिउँदे मकैखेती लगाउने, केही जिल्लामा चिनी मिल सञ्चालनमा आएपछि किसान नगदे बालीको रूपमा उखुखेतीतर्फ आकर्षित हुँदा धानखेतीको क्षेत्रफल क्रमशः खुम्चिँदै गएको छ । केही पहाडी जिल्लामा भने गहुँखेती भित्र्याएपछिको खाली जमिनको सदुपयोगका लागि चैते धान उपयोगी देखिँदा किसान चैते धानखेतीमा आकर्षित भएका पाइन्छन् ।


लुम्बिनी प्रदेशको पहाडी जिल्ला अर्घाखाँचीको भूमिकास्थान नगरपालिका-६, खिल्जी दूरवाङका किसान यतिबेला चैते धान रोपाइँमा व्यस्त छन् । त्यस भेगका दूरवाङ, खङलङ, खँडारे र पिपली फाँटमा वर्षौंदेखि हुँदै आएको चैते धानखेती यहाँका किसानको जीवनशैली जस्तै बनेको छ ।

स्थानीय किसान पुनाराम गैरेले चैते धान रोपाइँका लागि झिमरूक नदीबाट पानी ल्याएर सिँचाइको व्यवस्थाका कारण सम्भव भएको हो । तर, पछिल्ला वर्षमा मलको अभाव र मजदूर नपाइने समस्या गम्भीर बन्दै गएको उहाँ बताउनुहुन्छ । सिँचाइको कुलोलाई थप व्यवस्थित गर्नुपर्ने, कृषि उपकरणको सहजता, मौलिक रैथाने बीउको संरक्षण र जैविक मलमा पनि आकर्षण बढाउन जरुरी रहेको गैरे बताउनुहुन्छ ।

चैते धानखेती अर्घाखाँचीमा सँगै छिमेकी प्यूठानको ऐरावती गाउँपालिकाका बैरेनी, दमार, कुमाल गाउँका फाँटमा पनि झिमरूक नदीकै सिँचाइको भरमा चैते धान लगाइँदै आएको छ । लुम्बिनी प्रदेश कृषि विकास निर्देशनालयका अनुसार अघिल्लो वर्ष तीन हजार ३८ हेक्टरमा भएको चैते धानको रोपाइँ गत वर्ष घटेर दुई हजार ६७७ हेक्टरमा सीमित भएको थियो । एकै वर्षमा ४११ हेक्टर क्षेत्रफल घटेको छ । यस वर्ष अझ घट्ने विभिन्न जिल्लाबाट प्राप्त प्रारम्भिक तथ्याङ्कले देखाएको छ ।

लुम्बिनी प्रदेशमा उत्पादकत्वमा भने सुधार भएको छ । तर, क्षेत्रफल विस्तार भने सुस्त देखिएको छ । लुम्बिनी प्रदेशमा आर्थिक वर्ष २०८१/८२ मा धान उत्पादन १३ लाख ५० हजार ८८० मेट्रिक टन पुगेको छ । प्रदेशभर कूल दुई लाख ९८ हजार ६२२ हेक्टरमा धानखेती गरिएकामा औसत उत्पादकत्व प्रतिहेक्टर ४.५२ टन रहेको तथ्याङ्कले देखाएको छ । यसमध्ये वर्षे धानको हिस्सा अत्यधिक छ भने चैते धानको योगदान अझै सीमित देखिन्छ ।

प्रदेशका १२ जिल्लामध्ये रोल्पा र रुकुमबाहेक सबै जिल्लामा चैते धानखेती हुने भए पनि अधिकांश तराईका जिल्लामा यसको खेतीमा गिरावट देखिएको छ । प्रदेशमै अन्नको भण्डारको रूपमा चिनिने बर्दियामा नै अघिल्लो वर्ष एक हजार ४५० हेक्टरबाट घटेर गत वर्ष एक हजार २०१ हेक्टरमा झरेको छ । चैते धानप्रति किसानको आकर्षण घटनेक्रम कायमै रहेको एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय बर्दियाका प्रमुख कमला अधिकारी बताउनुहुन्छ ।




आव २०७८/७९ मा एक हजार ६०० हेक्टरमा चैते धान रोपाइँ भएको थियो । तर, अहिले यसको खेती ६७९ हेक्टरमा मात्र सीमित भएको प्रमुख अधिकारी बताउनुहुन्छ । जिल्लामा चैते धान मात्र नभएर वर्षे धान लगाउने क्रम पनि क्रमशः घट्दो अवस्थामा रहेको उहाँ बताउनुहुन्छ ।

जिल्लामा चिनी उद्योग स्थापना भएपछि किसान धानखेतीमा भन्दा उखुखेतीमा आकर्षित भएका छन् । प्रमुख अधिकारीका अनुसार धानलगायतका बालीभन्दा उखु नगदे बालीको रूपमा रहेको, धेरै मेहनत गर्नु नपर्ने र कम लागतमा मुनाफा धेरै हुने भएकाले अधिकांश किसानले धानखेती छाड्दा यसको उत्पादन घट्दो अवस्थामा छ ।

पाल्पामा ७०० बाट ६३० हेक्टर, गुल्मीमा ३४० बाट ३१९ हेक्टर, अर्घाखाँचीमा २०० बाट १७० हेक्टर र रूपन्देहीमा ६० बाट ५४ हेक्टरमा सीमित भएको प्रदेश सरकारको तथ्याङ्क छ । कपिलवस्तुमा त झनै १० हेक्टरबाट घटेर पाँच हेक्टरमा मात्रै रोपाइँ भएको छ ।

यद्यपि केही जिल्लामा सामान्य वृद्धि देखिएको छ । प्युठानमा गत वर्ष ११५ हेक्टरबाट यस वर्ष झण्डै ४०० हेक्टर, नवलपरासीमा ५ बाट सात हेक्टर, दाङमा १९८ बाट २०० हेक्टर र बाँकेमा ३५ बाट ३६ हेक्टर पुगेको छ । प्यूठानमा यस गत वर्ष ११५ हेक्टर क्षेत्रफलमा चैते धानखेती लगाइएको थियो । जसमा झण्डै ४३७ मेट्रिक टन उत्पादन भएको तथ्याङ्क छ । यस वर्ष चैते धानको खेती गत वर्षभन्दा दोब्बर बढी ४०० हेक्टर बढी क्षेत्रफलमा रोपाइँ भएको एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयका प्रमुख विनोद शर्माले जानकारी दिनुभयो ।

जिल्लामा चैते धानखेतीलाई नै केन्द्रित गरेर सङ्घीय सरकारअन्तर्गत कार्यक्रम लागू भएकाले पनि किसानलाई उक्त कार्यक्रमको प्रोत्साहनका कारण चैते धानमा आकर्षण बढेको प्रमुख शर्माले बताउनुभयो । जिल्लामा सङ्घीय सरकारअन्तर्गतको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले विगत तीन वर्षदेखि चैते धानखेतीमा किसानलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

परियोजनाअन्तर्गत तीन वर्षअघि ४०० रोपनी क्षेत्रफलमा चैते धानखेतीमा किसानलाई सहभागी गराइएको थियो । यस वर्ष चार हजार ५०० रोपनी क्षेत्रफलमा धानखेती लगाइएको कार्यक्रम कार्यान्वयन एकाइ कार्यालयका प्रमुख चुमानसिंह गिरी बताउनुहुन्छ । उहाँ किसानलाई गहुँ स्याहारेपछिको चार/पाँच महिना जमिन खाली हुने समयमा चैते धानखेतीका लागि प्रोत्साहित गर्दा जमिनको सदुपयोग र यसको उत्पादन पनि राम्रो पाएका किसान यसप्रति आकर्षित भएको बताउनुहन्छ । यसका लागि कार्यक्रमअन्तर्गत किसानलाई प्राविधिक सहयोग, बीउमा सहुलियत, सिँचाइ र कृषि औजारमा सहयोगको काम गर्दै आएको कार्यालय प्रमुख गिरी बताउनुहुन्छ ।

तराईका जिल्लामध्ये पश्चिम नवलपरासीमा निक्कै कम क्षेत्रफलमा चैते धानखेती लगाउने गरिएको छ । यहाँ चैते धानभन्दा मकैखेतीमा किसानको आकर्षण बढेकाले धानखेती बढ्न नसकेको कृषि ज्ञान केन्द्र पश्चिम नवलपरासीका प्रमुख शिवप्रसाद अर्याल बताउनुहुन्छ । चैते धानको बीउ विकास हुन नसक्नु, चैते धान मोटो प्रजातिको हुने भएकाले मसिनो धानप्रति किसानको आकर्षण, धान स्याहार्ने समयमा आकाशबाट पानी पर्ने समय हुने हुँदा किसानले नोक्सानी व्यहोर्नुपर्ने भय र उत्पादनको बजार पाउन समस्या हुने भएकाले यसप्रति खासै आकर्षण नभएको उहाँ बताउनुहुन्छ ।

पश्चिम नवलपरासीमा पनि सङ्घीय सरकारअन्तर्गतको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम लागू भए पनि यो कार्यक्रम खासै प्रभावकारी हुन सकेको छैन । यद्यपि, चुनौती पनि कम छैनन् । असारको वर्षामा धान भित्र्याउँदा सुकाउने समस्या, आधुनिक 'ग्रेन ड्रायर' को अभाव र उपभोक्ताको मसिनो चामलप्रतिको आकर्षणले बजार प्रतिस्पर्धा कठिन बनाएको छ । चैते धानखेतीमा किसानको आकर्षण बढाउन सिँचाइ विस्तार, मल बीउको सुनिश्चितता, आधुनिक प्रविधिमा लगानी र विश्वसनीय तथ्याङ्क प्रणालीमा चसो दिनुपर्ने देखिन्छ ।

प्रदेश कृषि निर्देशनालयका अनुसार खेती घट्नुको मुख्य कारण गाउँमा युवा जनशक्तिको अभाव, वैदेशिक रोजगारीतर्फ आकर्षण र बढ्दो लागत हो । तराईमा चैते धानभन्दा हिउँदे मकैखेती, उखुखेतीतर्फ आकर्षण बढ्दै गएको छ । कम लगानीमा पर्याप्त आम्दानी हुने भएकाले किसान वैकल्पिक बाली रोज्न थालेका हुन् । ***रासस***

**। सम्पादकीय ।**

# लोकतान्त्रिक देशमा अलोकप्रिय निर्णय असान्दर्भिक

लोकतन्त्र दिवस मनाइएको पनि २० वर्ष भयो । लोकतन्त्रलाई जीवन पद्धतिको रूपमा विकास गर्नुपर्थ्यो । तर, सरकारको नेतृत्व गर्ने दलले लोकतन्त्रलाई आफू अनुकूल उपयोग गऱ्यो । लोकतन्त्रको अर्थ सत्तारूढ दलले मनपरी शासन चलाउनु होइन न त हचुवा ढङ्गले अव्यवहारिक र अपरिपक्व निर्णय गर्नु नै हो । कुनै पनि निर्णय गर्नुअघि विस्तृत अध्ययन गर्नुपर्थ्यो; विचार विमर्श गर्नुपर्थ्यो । नयाँ सरकारले छिटछिटो नयाँ नयाँ काम गर्नुपर्छ भनेर सतही ढङ्गले निर्णय गर्दा त्यो बेठाउँमा पर्छ; जनहितभन्दा अहित हुन्छ । निर्णय गरेको मसी नसुक्दै अर्को निर्णय गर्दा या निर्णय स्थगित गर्नुपर्दा सरकार गम्भीर नभएको थाहा हुन्छ । मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलबाट सङ्घीय संसद् आह्वान भएको भोलिपल्टै स्थगनको सूचना जारी भयो । मन्त्रिपरिषद्ले मङ्गलबार गरेको सिफारिसअनुसार राष्ट्रपति पौडेलले वैशाख १७ गते दिनको २ बजे सङ्घीय संसद्को दुवै सदनको अधिवेशन आह्वान गरेका थिए । मन्त्रिपरिषद्कै सिफारिसमा राष्ट्रपति पौडेलले संसद् आह्वान स्थगित भएको अर्को सूचना जारी गरे । बजेट अधिवेशनको लागि तयारी नपुगेको कारण संसद् स्थगित गरिएको बताइन्छ ।

देशमा ०६२/६३ सालको संयुक्त जनआन्दोलन उत्कर्षमा पुगेपछि निरङ्कुश राजतन्त्रको अन्त्य भई लोकतन्त्र स्थापना भएको थियो । ०६३ वैशाख ११ गते तत्कालीन राजाको हातमा रहेको शक्ति जनतामा आएको थियो । त्यसबेला नेमकिपासहित सात राजनीतिक दल र तत्कालीन नेकपा माओवादीको संयुक्त रूपमा आन्दोलन भएको थियो । संयुक्त जनआन्दोलनबाट तत्कालीन राजाले विघटन गरेको प्रतिनिधिसभा पुनर्स्थापना भएको थियो । त्यही दिनको स्मरणमा प्रत्येक वर्षको वैशाख ११ लाई लोकतन्त्र दिवस मनाइँदै आएको हो । तत्कालीन राजा ज्ञानेन्द्रले २०५९ असोज १८ गते जननिर्वाचित प्रधानमन्त्री हटाई देशको कार्यकारी अधिकार आफ्नो हातमा लिएका थिए । यसअघि देशमा संवैधानिक राजतन्त्रको व्यवस्था थियो । संयुक्त जनआन्दोलन ०६२ चैत २४ देखि सुरू भएको थियो । ०६४ सालमा संविधानसभाको चुनाव भयो । २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकले राजतन्त्र अन्त्य भएको घोषणा गऱ्यो ।

देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । यो गणतन्त्र पुँजीवादी व्यवस्थाको गणतन्त्र हो । सरकारले यो गणतन्त्रलाई पनि व्यवहारमा लागू गर्न सकेको छैन । लोकतन्त्रको नाउँमा सत्तारूढ दलले देशको राजस्वमा आँखा गाड्यो । पार्टीलाई प्राप्त मतको आधारमा राज्य कोष बाँड्ने प्रस्ताव ल्याइयो । जनदबाबको कारण पछि त्यो फिर्ता लिइयो । सत्तारूढ दलका नेताहरू अनेक मुद्दामा फसे । उनीहरूले अनियमितता र भ्रष्टाचार गरे; पदको दुरूपयोग गरी अकुत सम्पत्ति कमाए । देश ऋृणमा डुब्यो; देश सबभन्दा बढी भ्रष्टाचार भएको कालोसूचीमा पऱ्यो । देश भागबन्डामा फस्यो । सरकारको नेतृत्व गर्न पाएपछि प्रमुख प्रतिपक्षको धारणा नै निल्यो । यसरी लोकतन्त्रको बदनाम भयो । ठुला दलहरूको मुख्य ध्यान जसरी भए पनि सरकारको नेतृत्व गर्ने र सरकारमा रहेरै रजाइँ गर्नेतर्फ गयो । सिद्धान्त र विचार बन्धक राखेर कम्युनिस्ट भनिने दलहरू पनि शत्रुसँग घाँटी जोडेर सरकारमा सामेल भए । त्यसको कारण देशमा सत्तारूढ दलको मात्र होइन लोकतन्त्रकै बदनाम भयो । परिणामतः नेका र एमाले मिलेर बनेको देशकै सबभन्दा शक्तिशाली र बलियो सरकार दुई दिनको जेन-जी आन्दोलनले ढल्यो र नयाँ अन्तरिम सरकार गठन भयो ।

अन्तरिम सरकारले गत फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गरायो । निर्वाचनमा नेका र एमालेको सांसद सीट धेरै गुम्यो । रास्वपाको झन्डै दुईतिहाइ मत प्राप्त भयो र सरकार गठन भयो । सरकार गठन भएको एक महिना नपुग्दै दुई मन्त्रीको राजीनामा भयो । उनीहरूको आचरण ठीक नभएकोले सामाजिक सञ्जालमा व्यापक विरोध भयो । सरकारले संसद् आह्वान गऱ्यो र फेरि फिर्ता लियो । दुई दिनको बिदाबारे अन्योल छायो । सरकारी विज्ञापन कुनै पनि निजी सञ्चारलाई नदिने एकतर्फी निर्णय भयो । सञ्चारकर्मीहरू आन्दोलित भए । सरकारले सरकारी कार्यालयमा ट्रेड युनियन र स्कूल-कलेजमा विद्यार्थी सङ्गठन खोल्न नपाउने निर्णय गऱ्यो । विद्यार्थीहरू आन्दोलित भए । महँगी अकासियो । विद्यार्थी सङ्गठन र उपभोक्ताहरू महँगीको विरोधमा लागे । कम उमेर प्रधानमन्त्री, उपसभामुख र सांसदहरू निर्वाचित भएकोमा रास्वपा मख्ख छ । सरकार यो नै लोकतन्त्र प्राप्तिकै देन हो भनी गर्व गर्दै छ । लोकतन्त्रको मान्यता कुल्चेर अलोकतान्त्रिक क्रियाकलाप भयो । यसले लोकतन्त्र सुदृढ होइन कमजोर हुन्छ । यसमाथि विदेशी दबाब र प्रभाव देशमा बढेको छ । यो चिन्ताको विषय छ । लोकतान्त्रिक मुलुक नेपालमा विदेशी प्रभाव र दबाब बढ्नु, हस्तक्षेप हुनु राम्रो सङ्केत होइन । यसकारण, देशमा राजनीतिक दल, नागरिक समाज अझ बढी सचेत र सङ्गठित हुनुपर्छ । देशमा समाजवादी व्यवस्था ल्याउन देशका सबै प्रगतिशील, वामपन्थी र कम्युनिस्ट शक्तिहरू समाजवादी व्यवस्थाको निम्ति अघि सर्नुपर्छ ।

# मार्क्सको 'मेटाबोलिक फाटो' के हो ?

✍ डेनिस टालोन

पुँजीवादले पृथ्वीसँग दिगो सम्बन्ध कायम राख्न सक्दैन । यसको संरचनाले त्यो काम गर्न रोक्छ । आज हामी यही विचारमा केन्द्रित भएर 'मेटाबोलिक फाटो' को विषयमा चर्चा गर्छौं ।

"पुँजीवादी उत्पादनले उत्पादनको सामाजिक प्रक्रियाको विधि र स्तरको मात्र विकास गर्छ । सँगै, यसले माटो र कामदारजस्ता धनका मूल स्रोतहरूलाई कमजोर बनाउँछ ।"

तपाईंका हजुरबुबाले खाने गोभी आजको भन्दा सानो आकारको हुन्थ्यो । तर, त्यसले आजको गोभीले भन्दा बढी पोषण दिन्थ्यो । ठुलठुला गोभीबाट बढी नाफा आउने देखेपछि किसानहरूले भारिला गोभीहरू उत्पादन गर्न थाले । यसले गर्दा गोभीको वजन र आकारमा जोड दिन थालियो । त्यसले दिने भिटामिन र मिनरल ओझेलमा पऱ्यो । किसानहरूले सिन्थेटिक मल पेलेरै उत्पादन बढाए । यसले गर्दा बजारमा गोभीको विनिमय मूल्य बढ्यो । तर, त्यसको उपभोग मूल्य (पोषण) घट्यो ।

कार्ल मार्क्सले धन र मूल्यबिच एउटा रेखा कोर्नुभयो । त्यो रेखा वा भिन्नताको मर्ममा यही अन्तर्विरोध लुकेको छ । यो व्यवस्थामा पुँजीका मागहरू परिपूर्ति गर्नका लागि प्रकृतिका भौतिक वस्तुलाई कसरी तन्काइन्छ र कसरी मेटाबोलिक फाटो पैदा गरिन्छ भनी यसबाट छर्लङ्ग हुन्छ ।

**मार्क्स र मेटाबोलिक आदानप्रदान**

मार्क्सले मेटाबोलिज्म (पाचन) को अवधारणा अघि सार्नुभयो । (जर्मन भाषामा यसलाई मार्क्सले Stoffwechsel भन्नुभयो ।) यसको अर्थ थियो - मानव समाज र पृथ्वीबिच हुने एउटा भौतिक चक्र । पुँजीवादको संरचना नै कस्तो छ भने यसले त्यो चक्रमा फाटो ल्याउँछ ।

सहरीकरणमार्फत पोषक तत्त्वहरूलाई पुँजीवादले भौतिक रूपमा अन्तै सार्छ । खाना वा रेसादार फलफूल तरकारीलाई गाउँबाट सहर लग्छ । यसरी पुँजीवादले एउटा भौगोलिक फाटो ल्याउँछ । यो फाटोका कारण नाइट्रोजन र फोस्फोरस आफू पैदा भएको जमिनमा फर्किने प्राकृतिक प्रक्रिया अवरुद्ध हुन्छ । प्रकृतिलाई पुँजीले पाउने 'सित्तैको उपहार' ठानिने हुनाले त्यसको कुनै हिसाब राखिन्न । यसले गर्दा पुँजीवादी व्यवस्थाले आफूले उजाडेको स्थानमा भर्पाइ गर्ने लेठो गर्दैन । मार्क्सको रचना 'पुँजी' को पहिलो खण्डमा यसलाई 'दोहोरो विनाश' भनिएको छ । यो विनाशमा ठुला उद्योग र कृषिको ढाँचाले कामदार र माटोलाई कमजोर बनाउँछ । यही शोषण वा दोहनका कारण मार्क्सले 'पुँजी' को तेस्रो खण्डमा पृथ्वीमाथि निजी स्वामित्व अर्थहीन भएको तर्क गर्नुभयो । उहाँले जोड दिएर भन्नुभयो - हामी मालिक होइनौं बरु सामान्य माली हौं । भावी पुस्ताका लागि पृथ्वीको मेटाबोलिज्मलाई कायम राख्नु हाम्रो जिम्मेवारी हो । यो नै 'सामाजिक उत्पादनको सञ्चालक नियम' हो ।

**पौल बर्केट र मूल्यको विरोधाभाष**


पौल बर्केटको पुस्तक छ - 'मार्क्स र प्रकृति' । पुस्तकमा उहाँले यो पर्यावरणीय ह्रासको मूल कारण आर्थिक 'अन्धोपन' हो भनी व्याख्या गर्नुभएको छ । यो सङ्कट धन र मूल्यबिच हुने संरचनात्मक बेमेलबाट उत्पन्न हुन्छ । पुँजीवादी व्यवस्थामा धनमा मानव आवश्यकता परिपूर्ति गर्ने सबै भौतिक तागत हुन्छ । प्रकृति यो धनको एक प्राथमिक सहजन्मदाता हुन्छ । तर, पुँजीवादी व्यवस्थाको हिसाबमा मूल्य मात्र चढ्छ । यो मूल्य उत्पादनका लागि चाहिने मानिसको श्रमकालले निर्धारित गरेको हुन्छ ।

प्रकृतिका प्रक्रियाहरूमा ज्यालादारी श्रम भन्ने हुँदैन । त्यसैले पुँजीवादले यी प्रक्रियालाई 'सित्तैको उपहार' भन्छ । यसले गर्दा खातामा एकदम डरलाग्दो रिक्तता आउँछ - पुँजीवादी व्यवस्थाले जङ्गल फाँड्नमा प्रयोग हुने श्रमको लगत त राख्छ तर जङ्गलले चुकाउनुपर्ने जैविक मूल्य देख्न सक्दैन । जब 'मूल्य' नै समाजलाई सङ्गठित गर्ने सिद्धान्त बन्छ, तब उत्पादनका हरेक निर्णयमा नाफाघाटा हेर्न थालिन्छ । प्राकृतिक सुव्यवस्थालाई कसरी कायम गर्ने भन्ने कुरा छायामा पर्छ । यसकारण, आजभोलि फेसनमा आएको 'हरित पुँजीवाद' पनि यो दोषबाट बच्न सक्दैन । यसले जुन अन्तर्विरोध हल गर्ने वाचा गर्छ, आफै त्यो अन्तर्विरोधमा फस्छ । कार्बन बजार यसको उपयुक्त उदाहरण हो । प्रकृतिको 'मूल्य' तोक्ने जुनसुकै नीतिसँग पुँजीवादी ढाँचा लागु गर्नेबाहेक अर्को उपाय हुँदैन ।

**जोन बेलामी फोस्टर र मेटाबोलिक फाटो**

मेटाबोलिक फाटो पहिल्याउने काम जोन बेलामी फोस्टरले गर्नुभयो । यो अवधारणा कहाँबाट आयो र यसले किन अर्थ राख्छ भनी बताउनुभयो । मार्क्सले जस्टस भोन लिबिगको प्रभावमा परेर मेटाबोलिक फाटोको विचार विकास गर्नुभएको थियो । लिबिग कृषि रसायनविद् हुनुहुन्थ्यो । उहाँले माटोको उर्वराशक्ति क्षीण हुँदै गएको विषयमा अनुसन्धान गर्नुभएको थियो । मार्क्सको नजरमा यो अनुसन्धान त्यो बेलाका अर्थविदहरूले लेखेका कुनै पनि रचनाभन्दा कम महत्त्वको थिएन, बरु माथि नै थियो । फोस्टरको विचारमा मार्क्सले Stoffwechsel शब्द प्रयोग गर्नुभएको थियो । यो शब्द प्रकृति विज्ञानबाट सापट लिइएको थियो । किनभने, उहाँले जीवनको भौतिक आधार/अवस्थामा आइलागेको भौतिक फाटोको चर्चा गर्दै हुनुहुन्थ्यो । व्यवस्थापन गरेर यो फाटोबाट पार पाउन सकिन्न । मूल्य तोकेर बजारीकरण गर्दैमा यो फाटो हट्दैन । किनभने, यो व्यवस्था तत्काल आउने आर्थिक नाफाबाट प्रेरित छ । पुस्तौंसम्म जीवनलाई जोगाइराख्ने प्राकृतिक अवस्थालाई कसरी दिगो बनाउने भन्ने कुरासँग पुँजीवादको सरोकार छैन । फोस्टरले मार्क्सको यो तर्कलाई पुनर्जीवन दिनुभयो । यो तर्कले हामीलाई गोभीको समस्याको गाँठी कुरा पहिल्याउन मद्दत गर्छ; पुँजीवाद कसरी प्राकृतिक संसारसँग जोडिएको छ भनी यसको संरचनात्मक विशेषता बताउँछ ।

*स्रोत : एमआर अनलाइन*
*अनुवाद : सम्यक*



# यिङस्युमा वैशाख १२ को सम्झना

✍ **नीरज**

*सबै कठिन समय पनि बितेर जानेछ। भूकम्पले भत्केको यिङस्यु नगर आज पूर्ण रूपमा बनिसकेको छ। तर, यिङस्यु प्राथमिक विद्यालयको भवन भने २००८ मे १२ को सम्झनाको लागि जस्ताको तस्तै राखेर निधन भएका र बेपत्ता हुनेहरूको सम्झनामा स्मारकमा रूपान्तरण गरिएको छ जहाँ आजभोलि दैनिक सयौँ मानिसहरू टाढा टाढाबाट आएर त्यो दिनको भयानक कथा सुन्छन् र दुःखको सागरमा डुबेका यिङस्यु र वनछ्वानका मानिसहरूप्रति समवेदना व्यक्त गर्छन्।*

वैशाख १२ को सम्झना आज पनि हामीलाई कुनै कहालीलाग्दो सपनाजस्तै लाग्छ। कसरी बिर्सनु त्यो भयानक दिन अनि त्यसपछि अनिश्चयका पहाडले थिचेका रातहरू। हराएका आफन्तको खोजीमा भग्नावशेषहरू पन्छाउँदै, आफ्ना प्रियजनका नाम बोलाउँदै, कतैबाट अझै कुनै श्वासको सङ्केत आउला कि भनी आशा र निराशाको दोसाँधमा बिताएको समय। मसानघाटमा आँसुले भिजेका मानिसहरूको भीड लागेको समय। आफू बाँचेकोमा खुसी हुनु कि आफन्त गुमाएकोमा दुःखी हुनुको दोहोरो मनमा व्यतीत समय। सग्लो घर भत्केर धुलोको डङ्गुर बनेको अनि झमझम पानी परिरहँदा भूकम्प पीडित शिविरमा घरको न्यानो कोठा सम्झेर काटेका महिनाहरू। कुनै पनि बेला अर्को ठुलो पराकम्प आउला कि भनी भयातुर भएर छिचोलेको समय। धेरैको मनमा अझै पनि २०७२ वैशाख १२ को भूकम्प बेला बेला चहराइरहने घाउ बनेको छ। समयसँगै सबै घाउ निको हुनुपर्ने हो तर केही घाउ भने समय जतिसुकै बिते पनि नमेटिने दुखाइ बनेर बसेको हुन्छ।

वैशाख ९ गते (अप्रिल २२ तारिख) को दिन चीनको सिछुवान प्रान्तको यिङस्यु जान हामी बिहानै छन्दुबाट हिँड्यौँ। करिब सवा घण्टापछि यिङस्यु नगर पुग्दा बिहानदेखि परेको पानीले मौसम चिसो थियो। वरपरका पहाड, बिचमा बग्दै गरेको खोलाको दृश्यले मैले सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे बजार सम्झेँ।

सन् २००८ को मे १२ का दिन दिउँसो २ बजेर ३८ मिनेटमा यिङस्यु नगरले उस्तै भयानक समय भोगेको थियो, जस्तो कठोर समय नेपालमा हामीले २०७२ सालको वैशाख १२ गते भोगेका थियौँ। सिछुवान प्रान्तको वनछ्वान काउन्टीको यिङस्यु नगरलाई केन्द्र बनाएर त्यो दिन ८ रेक्टर स्केलको भूकम्प गएको थियो। भूकम्पले पहाडको काखमा बसेको सानो यिङस्यु नगरलाई पूर्णतः ध्वस्त बनाएको थियो। उभिएको एउटा पनि घर बाँकी थिएन। वरपरका पहाडहरूमा समेत उभिएका एउटा पनि रुख बाँकी थिएनन्। पूरै वनछ्वान काउन्टीमा ७० हजार मानिसले जीवन गुमाए, २० हजार मानिसको मृत शरीर अहिलेसम्म पनि भेटिएको छैन। सन् १९४९ मा जनवादी गणतन्त्र चीन स्थापनापछि चीनले भोगेको त्यो नै सबभन्दा ठुलो भूकम्प थियो।

यिङस्यु नगरको यिङस्यु प्राथमिक विद्यालयमा त्यो दिन पनि सधैँझैँ कक्षा चलिरहेको थियो। कक्षा कोठाबाट विद्यार्थीहरूले पाठ पढेका आवाजले वरपरका पहाड उस्तैगरी गुञ्जायमान बनेका थिए। कक्षा कोठामा फूलजस्ता विद्यार्थीहरू आपसमा जिस्किँदै, खेल्दै पढिरहेका थिए। शिक्षकशिक्षिकाहरू सुखद् भविष्यका बाली लगाएजस्तै विद्यार्थीहरूलाई ज्ञान बाँडिरहेका थिए।

जसै भित्तामा झुन्ड्याइएको घडीमा २ बजेर ३८ मिनेट बज्यो, जमिन यसरी मच्चियो, सबै कुरा क्षणभरमै अलगअलग भए। १५ सय विद्यार्थी पढिरहेका विद्यालयका भवन तासका घरजस्तै कुनै यता र कुनै उता ढले। पाँचतले भवनका दुई तल्ला जमिनमुनि भासिए। पर्खालहरू पापड चिरा परेजस्तै चिरा-चिरा परे। जमिन जाडोमा ओठ फाटेजस्तै फाटे।

कम्प्युटरको कक्षा पढिरहेका ४२ जना विद्यार्थीलाई शिक्षकले ढोकाको खापा आफ्नो शरीरले ढकेलेर बाहिर निकाले। तर, अन्तिममा एक जना विद्यार्थीसँगै आफू भने त्यही भग्नावशेषमा पुरेर ज्यान गुमाए। गर्भवती सङ्गीत शिक्षिका त्यो दिन बिदामा थिइन्। उनी शिक्षकहरूको क्वार्टरमा आराम गरिरहेकी थिइन्। केही दिनअघि मात्र गर्भवती छोरीको हेरविचार गर्न टाढाबाट उनका आमाबुबा क्वाटरमै बसेका थिए। भूकम्प आउने बेला आमाबुबा दुवै क्वाटर बाहिर थिए। भूकम्प आएपछि गर्भवती छोरीलाई जोगाउन क्वाटरभित्र गएकी आमाले छोरीसँगै ज्यान गुमाउनुपऱ्यो। यस्ता वियोगका कथा कति, कति। कति कथा भनियो, कति भग्नावशेषमै पुरियो।

सबै कठिन समय पनि बितेर जानेछ। भूकम्पले भत्केको यिङस्यु नगर आज पूर्ण रूपमा बनिसकेको छ। तर, यिङस्यु प्राथमिक विद्यालयको भवन भने २००८ मे १२ को सम्झनाको लागि जस्ताको तस्तै राखेर निधन भएका र बेपत्ता हुनेहरूको सम्झनामा स्मारकमा रूपान्तरण गरिएको छ जहाँ आजभोलि दैनिक सयौँ मानिसहरू टाढा टाढाबाट आएर त्यो दिनको भयानक कथा सुन्छन् र दुःखको सागरमा डुबेका यिङस्यु र वनछ्वानका मानिसहरूप्रति समवेदना व्यक्त गर्छन्।

स्मारकको अग्रभागमा जेड पत्थरमा एउटा फुटेको घडीको प्रतिमा बनाइएको छ र घडीमा २:३८ बजेको छ। भूकम्पपछि उद्धार कार्यको शिलशिलामा विद्यालयमा भेटिएको फुटेको भित्तेघडीको प्रतिरूप उतारेर त्यो दिन र समयलाई जेडमा कुँदिएको हो। घडीको प्रतिमामुनि कुँदिएको छ २००८/५/१२।

घडीको प्रतिमासँगै एउटा अग्लो पर्खालमा खोपिएको छ विभिन्न पोशाक लगाएका मानिसहरू एकजुट भएर लागिरहेको प्रतिमा। भूकम्पपछि उद्धार कार्यमा परिचालित हजारौँ सिपाहीँ, चिकित्सक, स्वयम्सेवक आदिको सम्मानमा त्यो भव्य प्रतिमा बनाइएको हो जसले सङ्कटको समय चिनियाँ जनताले कसरी एकढिक्का भएर चुनौतीको सामना गरेका थिए भन्ने सन्देश इतिहासको शिलालेखमा कोरेको छ। अनि सँगैको खुला चोकमा बनाइएको छ एक जना महिलाको प्रतिमा। प्रतिमा मुनितिर आमाको मायाको वर्णन गरिएको छ। उनै आमाको धैर्यताबाट उत्प्रेरित भएर आज यिङस्युका मानिसहरू फेरि दृढविश्वासका साथ भविष्य बनाउन शोकलाई शक्ति बदल्न लागिपरेका छन्।

भूकम्प स्मारक हेर्न आउने मानिसको सङ्ख्या दिनानुदिन बढेसँगै यिङस्यु नगर हिजोआज सधैँ जीवन्त बन्ने गरेको छ, स्थानीय जनताको आर्थिक अवस्था सुधार गर्न भूकम्प स्मारकले पनि मद्दत गरेको छ। भूकम्प स्मारकअघि उभिँदै गर्दा नेपाली मित्र निरोजले मेरो छेउमा आएर भने, हामीकहाँ पनि यसरी एउटा स्मारक त बनाउनुपर्ने थियो है दाजु।

खासमा मेरो मनभित्र पनि यस्तै कुरा खेलिरहेको थियो, किन हामीले सानै आकारको भए पनि यस्तो स्मारक बनाउन सकेनौँ होला ? हामीले भोगेको कठोर समयको इतिहासमा अभिलेखीकरण त हुने थियो नै सँगै भविष्यको लागि हामीले सुम्पने सम्पदा पनि हुने थियो। तर, समय धेरै अगाडि हिँडिसकेको छ।

यिङस्यु नगर पुरानै लयमा फर्केको धेरै वर्ष बितिसकेको छ। भूकम्पपछि बनाएको घरहरू पनि बीस वर्ष पुराना भइसके। तर, कुनै बेलाको पहाडी कुनामा बसेको उति नचिनिएको नगरमा आज मानिसहरू भूकम्पको दुई दशक पुरानो सम्झना गर्न आउँछन् र अब कहिल्यै पनि यस्तो विपत्ति नदोहोरियोस् भनी कामना गरेर फर्किछन्।















उत्तरपूर्वी चीनको लियाओनिङ प्रान्तको बन्दरगाह सहर डालियनमा चिनियाँ जलसेनाको ७७ औँ स्थापना दिवस मनाइँदै अप्रिल २३, २०२६ का दिन । चिनियाँ जलसेनाको बढ्दो शक्तिले क्षेत्रीय र वैश्विक स्थिरता निम्ति महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । *तस्बिर : सिन्ह्वा /हान फाङ्दा*

# ट्रम्पको 'नरक' पोस्टले भारत र अमेरिकाबिच चर्कियो कूटनीतिक विवाद

वासिङ्टन, ११ वैशाख (एएफपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा सामाजिक सञ्जालमा गरिएको एक विवादास्पद अभिव्यक्तिले भारत-अमेरिका सम्बन्धमा नयाँ तनाव सिर्जना गरेको छ । भारतले उक्त टिप्पणीलाई कडा शब्दमा अस्वीकार गर्दै अनुचित र वास्तविकतासँग असम्बन्धित भएको जनाएको छ ।

बुधबार राति ट्रम्पले सामाजिक सञ्जालमा साझा गरेको पोस्टमा अमेरिकामा जन्मिएका सबैलाई स्वत: नागरिकता दिने संवैधानिक व्यवस्थामाथि आलोचना गरिएको थियो । सो पोस्टमा विशेषगरी भारतीय आप्रवासीहरूलाई लक्षित गर्दै उनीहरूले अमेरिकी मूल निवासीहरूलाई रोजगारी नदिने र अङ्ग्रेजी भाषामा दक्षता नभएको आरोप लगाइएको थियो । त्यस्तै, भारतलाई 'नरक' भन्दै गरिएको टिप्पणीले थप विवाद निम्त्याएको छ ।

भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले ती अभिव्यक्तिहरूलाई 'स्पष्ट रूपमा अज्ञात, अनुपयुक्त र खराब स्वादमा' भएको प्रतिक्रिया दिनुभयो । उहाँले यस्ता भनाइहरूले भारत-अमेरिका सम्बन्धको वास्तविक स्वरूप झल्काउन नसक्ने बताउँदै दुई देशबिचको सम्बन्ध दीर्घकालीन आपसी सम्मान र साझा हितमा आधारित रहेको उल्लेख गर्नुभयो ।

यसैबिच, भारतीय मूलका अमेरिकी डेमोक्रेट सांसद अमी बेराले पनि ट्रम्पको टिप्पणीको आलोचना गर्दै यसलाई 'आपत्तिजनक, अज्ञानी र पदको गरिमाभन्दा तल' रहेको बताउनुभयो । उहाँले ट्रम्पले आप्रवासी परिवारहरूले भोग्ने सङ्घर्ष कहिल्यै अनुभव नगरेको टिप्पणी गर्नुभयो ।

हिन्दू अमेरिकन फाउन्डेसनले समेत उक्त पोस्टप्रति आपत्ति जनाउँदै यसलाई 'घृणित र जातिवादी अभिव्यक्ति' को संज्ञा दिएको छ । संस्थाले यस्तो अभिव्यक्तिले समाजमा विद्यमान जेनोफोबिया र जातीय विभाजनलाई अझ बढावा दिने चेतावनी दिएको छ ।

अमेरिकामा आप्रवासन नीतिमा कडाइ ल्याउने आफ्नो प्रमुख एजेन्डाअन्तर्गत ट्रम्पले विशेषगरी भारतीय प्राविधिक कामदारहरूले प्रयोग गर्ने भिसा प्रणालीलाई लक्षित गर्दै आउनुभएको छ । यसले दुई देशबिचको सम्बन्धमा थप जटिलता थपेको छ ।

यसअघि पनि भारत-पाकिस्तानबिचको तनावका क्रममा आफ्नो मध्यस्थतालाई पर्याप्त महत्त्व नदिएको भन्दै ट्रम्पले भारतप्रति असन्तुष्टि जनाउँदै व्यापारिक क्षेत्रमा समेत दबाब सिर्जना गर्न उच्च शुल्क लगाउनुभएको थियो । यसले दुई देशबिचको कूटनीतिक सम्बन्धमा चिसोपना ल्याएको विश्लेषण गरिएको छ ।

रोचक पक्ष के छ भने, विशेषगरी चीनसँगको रणनीतिक प्रतिस्पर्धालाई ध्यानमा राख्दै विगतका अमेरिकी प्रशासनहरूले विश्वको सबैभन्दा ठुलो लोकतन्त्र भारतसँग सुदृढ सम्बन्ध कायम राख्न निरन्तर प्रयास गर्दै आएका थिए । तर ट्रम्पको पछिल्लो अभिव्यक्तिले सो दीर्घकालीन रणनीतिमा प्रश्न उठाएको छ ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोको आसन्न भारत भ्रमणको तयारी भइरहेका बेला यस्तो विवाद सतहमा आउनु अर्थपूर्ण मानिएको छ । कूटनीतिक वृत्तमा यसलाई दुई देशबिचको सम्बन्ध सुधार्ने प्रयासका लागि चुनौतीका रूपमा हेरिएको छ ।

# हर्मुज तनावबिच युद्धविराम विस्तार

वासिङ्टन, ११ वैशाख (एएफपी) । मध्यपूर्वमा जारी तनावका बिच इजरायल र लेबनानबिचको युद्धविराम थप अवधि लागि विस्तार गरिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार यस्तो घोषणा गर्दै इरानसँगको शान्ति वार्ता अझै अन्योलमै रहेको बताउनुभयो । इरानसँगको वार्ता अपेक्षित रूपमा अघि बढ्न नसक्दा क्षेत्रीय सुरक्षा अवस्था अझ जटिल बनेको देखिएको छ ।

लेबनानमा हालै इजरायली आक्रमण भइरहेका बेला इरान समर्थित हिजबुल्लाहले नयाँ रकेट प्रहार गरेको थियो । यद्यपि त्यसबिच ट्रम्पले दुवै देशका राजदूतहरूसँग भेटवार्ता गरेपछि युद्धविराम विस्तारको निर्णय सार्वजनिक गर्नुभएको हो । प्रारम्भिक रूपमा आइतबारसम्म लागू हुने भनिएको युद्धविराम अब केही समय थप कायम रहनेछ ।

पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले क्षेत्रीय शान्तिको सम्भावना अझै बलियो रहेको बताउनुभयो । उहाँका अनुसार परिस्थिति सहज रूपमा समाधान हुन सक्ने आधारहरू अझै बाँकी छन् । तथापि, यसअघि उहाँले इरानसँगको द्वन्द्व अन्त्य गर्न आफू हतारमा नरहेको पनि स्पष्ट पार्नुभएको थियो । यसैबिच, तेस्रो अमेरिकी विमानवाहक पोत मध्यपूर्व क्षेत्रमा आइपुगेपछि सैन्य उपस्थिति थप सुदृढ भएको छ ।

इरानी सञ्चारमाध्यमहरूले राजधानी तेहरानमा विस्फोट भएको खबर दिएका छन् । यो दुई साताअघि लागू गरिएको युद्धविरामपछि पहिलो घटना हो । विस्फोटको कारण भने स्पष्ट हुन सकेको छैन । एक इजरायली सुरक्षा स्रोतले आफ्नो देशले हाल इरानमा कुनै आक्रमण नगरेको दाबी गरेको छ ।

क्षेत्रीय तनावको अर्को केन्द्र बन्दै गएको स्ट्रेट अफ हर्मुजमा अवस्था झनै संवेदनशील बनेको छ । विश्वको करिब पाँचौँ भाग तेल तथा तरलीकृत प्राकृतिक ग्यास यही मार्ग हुँदै ओसारपसार हुने भएकाले यसको अवरोधले अन्तर्राष्ट्रिय बजारमा ठुलो असर पार्ने देखिएको छ । इरानले युद्धको प्रतिक्रियास्वरूप उक्त जलमार्ग प्रभावकारी रूपमा बन्द गरेको जनाएको छ ।

ट्रम्पले सामाजिक सञ्जालमार्फत इरानलाई समय सीमित रहेको चेतावनी दिँदै आफूलाई पर्याप्त समय भए पनि इरानमाथि दबाब बढ्दै गएको सङ्केत गर्नुभयो । उहाँले इरानविरुद्ध आणविक हतियार प्रयोग नगर्ने प्रतिबद्धता जनाउँदै अमेरिकी नौसेनालाई जलमार्गमा बारुदी सुरुङ राख्ने कुनै पनि इरानी डुङ्गालाई नष्ट गर्न निर्देशन दिनुभएको छ ।

यसैक्रममा अमेरिकी सेनाले युएसएस जर्ज एच डब्लु बुश विमानवाहक पोत क्षेत्रमै पुगेको पुष्टि गरेको छ । यससँगै मध्यपूर्व क्षेत्रमा सक्रिय अमेरिकी युद्धपोतहरूको सङ्ख्या तीन पुगेको छ । युएस सेन्ट्रल कमान्डका अनुसार एक पोत लाल सागरमा र अन्य पोतहरू पनि आसपास क्षेत्रमा परिचालनमा छन् ।

इरानले भने आफ्नो जलमार्ग नखोल्ने अडान दोहोऱ्याउँदै अमेरिकी दबाब अस्वीकार गरेको छ । उसले आफ्ना बन्दरगाहमा अमेरिकी नाकाबन्दी कायम रहुन्जेल स्ट्रेट अफ हर्मुज सबैका लागि बन्द रहने बताएको छ । साथै, उक्त मार्ग प्रयोग गर्न खोज्ने जहाजबाट शुल्क उठाउन थालेको पनि जनाएको छ ।

इरानी नेतृत्वभित्र विभाजन भएको ट्रम्पको दाबीलाई त्यहाँका शीर्ष नेताहरूले अस्वीकार गरेका छन् । राष्ट्रपति, संसद् अध्यक्ष र मुख्य न्यायाधीशले सामाजिक सञ्जालमार्फत राष्ट्रिय एकताको सन्देश दिँदै बाह्य प्रभावले आन्तरिक स्थायित्वमा असर पार्न नसक्ने बताएका छन् ।

यसैबिच, पाकिस्तानमा सम्भावित शान्ति वार्ता पुन: सुरु हुने सङ्केत देखिए पनि हालसम्म कुनै औपचारिक प्रतिनिधिमण्डल त्यहाँ पुगेको छैन । इस्लामाबादमा भने सुरक्षाका कडा उपायहरू अपनाइएका छन् । युरोपेली देशहरू पनि क्षेत्रीय सङ्कट समाधानका लागि सक्रिय भएका छन् र उनीहरूले मध्यपूर्वका देशहरूसँग गहन संवादको तयारी गरिरहेका छन् ।

## विश्व सङ्क्षेप

### भारतीय दूतावासद्वारा आफ्ना नागरिकहरूलाई इरानको यात्रा नगर्न आग्रह

तेहरान, ११ वैशाख (क्युएनए) । इरान स्थित भारतीय दूतावासले बढ्दो क्षेत्रीय तनावको बिचमा भारतीय नागरिकहरूलाई इरानको यात्रा नगर्न आग्रह गर्दै नयाँ सुचना जारी गरेको छ । सामाजिक सञ्जाल एक्समा दूतावासले भारतीयहरूले कुनै पनि अवस्थामा इरानको यात्रा नगर्न आग्रह गर्दै इरानमा रहेका नागरिकहरूलाई आवाश्यक समन्वय गरेर स्वदेश फर्कन सल्लाह दिएको छ ।

पछिल्लो समयमा भारत र इरानबिच केही उडानहरू सुरु भएको रिपोर्टहरूलाई ध्यानमा राख्दै, भारतीय नागरिकहरूलाई अवस्था सहज नभएसम्म इरान यात्रा नगर्न सल्लाह दिइएको जनाएको छ । क्षेत्रीय तनावका कारण हवाई क्षेत्र प्रतिबन्ध र परिचालन अनिश्चितताले इरानका लागि अन्तर्राष्ट्रिय उडानमा असर गरिरहेको दूतावासले जनाइएको छ ।

दूतावासले यसअघि अप्रिल - ८ मा यस्तै सुझाव जारी गरी भारतीय नागरिकहरूलाई तुरुन्त इरान छोड्न आग्रह गरेको थियो । दूतावासले यात्रा गर्नुअघि दूतावाससँग आवाश्यक समन्वय गर्नुपर्ने पनि बताएको छ ।

यस अघिको सुझावको निरन्तरता र हालैको घटनाक्रमको आधारमा इरानमा रहेका भारतीय नागरिकहरूलाई दूतावाससँगको समन्वयमा र दूतावासले सुझाएका मार्गहरू प्रयोग गरेर इरानबाट छिटो बाहिरिन आग्रह गरेको जनाइएको छ ।

मध्य पुर्वमा हालैका घटनाक्रमका बारेमा अन्तर-मन्त्रीस्तरीय कार्यक्रममा बोल्दै विदेश मन्त्रालयका अतिरिक्त सचिव असीम आर महाजनले फेब्रुअरी -२८ देखि यस क्षेत्रबाट करिब १२ लाख १२ हजार यात्रु भारत आएको बताउनुभएको छ ।

### उपग्रह इन्टरनेट प्रविधि सम्बद्ध परीक्षण उपग्रह चीनबाट प्रक्षेपित




पैचिङ, २४ अप्रिल (सीआरआई) पैचिङ समय अनुसार अप्रिल २४ का दिन दिउँसो १४:३५ बजे, चीनले शीछाङ उपग्रह प्रक्षेपण केन्द्रबाट छाङचङ २-डी रकेटद्वारा उपग्रह इन्टरनेट प्रविधि सम्बन्धित परीक्षण उपग्रहको सफलतापूर्वक प्रक्षेपण गरेको छ । प्रक्षेपणपछि सो उपग्रहले पूर्वनिर्धारित कक्षमा सफलतापूर्वक प्रवेश गरेको छ र प्रक्षेपण मिशन पूर्ण रूपमा सफल रहेको छ । उक्त उपग्रह मुख्य रूपमा मोबाइल ब्रोडब्यान्ड प्रत्यक्ष उपग्रह जडान, अन्तरिक्ष र पृथ्वी नेटवर्क एकीकरण जस्ता प्रविधिको परीक्षण र प्रमाणीकरण गर्न प्रयोग गरिनेछ । यो मिशन छाङचङ श्रृङ्खलाका रकेटहरूको ६३९ औँ उडान भएको जनाइएको छ ।

# जापानद्वारा सुरक्षा कारणले विदेशी अधिग्रहण रोक्ने तयारी

टोकियो, ११ वैशाख (एएफपी) । राष्ट्रिय सुरक्षासम्बन्धी जोखिमलाई आधार बनाउँदै जापान सरकारले एक प्रमुख औद्योगिक मेसिन निर्माता कम्पनीको विदेशी अधिग्रहण प्रयास रोक्ने तयारी गरेको छ । दक्षिण कोरियामा आधारित निजी इक्विटी कोष एमबीके पार्टनर्सद्वारा टोकियोस्थित माकिनो मिलिङ कम्पनी खरिद गर्ने प्रस्तावलाई सरकारद्वारा निलम्बन गर्न सिफारिस गरिएको अधिकारीहरूले जनाएका छन् ।

अर्थमन्त्री सात्सुकी कटयामाले बिहीबार पत्रकारहरूलाई जानकारी दिँदै माकिनो मिलिङलाई पूर्ण रूपमा अधिग्रहण गर्ने एमबीके पार्टनर्सको प्रस्तावलाई रोक्नुपर्ने निष्कर्षमा सरकार पुगेको बताउनुभयो । उहाँका अनुसार माकिनो मिलिङका उत्पादनहरू जापानका रक्षा उपकरण निर्माणमा व्यापक रूपमा प्रयोग हुने भएकाले यस प्रकारको लगानीले राष्ट्रिय सुरक्षामा जोखिम निम्त्याउन सक्ने मूल्याङ्कन गरिएको छ ।

सरकारी सिफारिस बुधबार नै जारी गरिएको हो । जापानको विदेशी मुद्रा तथा व्यापार कानूनअनुसार राष्ट्रिय सुरक्षासम्बन्धी जोखिम रोक्न यस्तो निलम्बन आदेश जारी गरिएको यो दोस्रो घटना भएको पनि उल्लेख गरिएको छ ।

सन् १९३७ मा स्थापना भएको माकिनो मिलिङ कम्पनीले एयरोस्पेस, अटोमोबाइल, चिकित्सा उपकरण तथा सेमिकन्डक्टर उद्योगका लागि अत्यावश्यक मेसिन उपकरण उत्पादन गर्दै आएको छ । कम्पनीले आफ्नो वेबसाइटमार्फत आफूलाई विश्वस्तरीय औद्योगिक मेसिन उपकरण निर्माता भनेर परिचित गराएको छ ।

एमबीके पार्टनर्सले भने जापान सरकारबाट प्राप्त सूचनाप्रति आश्चर्य व्यक्त गरेको छ । कम्पनीका अनुसार माकिनो मिलिङका उत्पादनहरूमा सैन्य प्रयोगको उच्च सम्भावना भएका संवेदनशील सामग्रीहरू समावेश रहेको जानकारी सरकारले दिएको छ । अधिग्रहण प्रक्रिया जुन महिनाको अन्त्यसम्म स्वीकृत हुने अपेक्षा गरिएको अवस्थामा यस्तो निर्णय आएको कोषले जनाएको छ ।

एमबीके पार्टनर्सले अब सरकारको निलम्बन सिफारिसलाई स्वीकार गर्ने वा नगर्ने विषयमा मे १ सम्म निर्णय गर्नुपर्नेछ । यस निर्णयले जापानको विदेशी लगानी नीति र राष्ट्रिय सुरक्षाबिचको सन्तुलनमाथि पुन: बहस सुरु गराएको छ ।

# डिजिटल डाउनलोडको समय र दिमागको 'डेथ वारेन्ट'

हास्यव्यङ्ग्य

इकुश्रे

विज्ञान र प्रविधिको विकासको यो चरमोत्कर्ष । मानौँ हामी त अब स्वर्गकै छेउछाउ पुगिसक्यौँ र भगवानलाई पनि 'साइड' लगाएर आफैँ 'क्रिएटर' बन्ने दौड जितिसक्यौँ ! हाम्रो विकास त 'रकेट' जस्तो आकाशतिर उड्दै छ, तर हाम्रो धैर्य र दिमाग भने 'रबर' जस्तो तन्किँदै-तन्किँदै एक दिन च्वाट्ट चुँडिने र 'क्लाउड' मा मिल्ने अवस्थामा आइपुगेको जस्तो लाग्छ । हामीलाई चाहिएको छ–छोटो, छिटो, र अति नै सजिलो । यति सजिलो कि, सकिन्छ भने हामी 'सास' फेर्ने र 'खाना' पचाउने काम पनि अरू नै कसैलाई 'आउटसोर्स' गरिदिऊँ ! आफू त बस, 'इन्टरनेट' को अतल गहिराइमा 'डुबुल्की' मारेर, 'लाइक' र 'शेयर' को खेती गर्दै बाँचिरहूँ ! हाम्रो यो नयाँ युगको सबैन्दा ठुलो 'मन्त्र' र 'तन्त्र' भनेकै 'डाउनलोड' हो । हामीलाई लाग्छ, यो संसार एउटा विशाल 'सर्भर' हो र हामी चाहिँ यसका 'प्रिभिलेज्ड युजर' । केही चाहियो ? बस, 'सर्च' गर र 'डाउनलोड' गरिहाल ! यो मानसिकताले हामीलाई कस्तो बनाइदिएको छ भने, अब हामी 'सृष्टि' होइन, बस 'सिर्जना' को 'नक्कल' र 'डाउनलोड' मा रम्न थालेका छौँ ।

कपडा धुन मेसिनमा हालिदियो, आफू भने मोबाइलको स्क्रिनमा 'बरालियो' । ट्याबमा 'ट्याप-ट्याप', हातमा कुनै 'ग्याप' छैन, तर दिमागमा भने ठुलै 'खाडल' परिसक्यो । मेसिन आफैँ बन्द हुन्छ, 'काम' सकिएपछि 'धुन' बज्छ । हामी त बस्, 'नोटिफिकेसन' को तालमा नाच्ने, 'अपडेट' को पर्खाइमा बस्ने र बेलाबेलामा 'रिफ्रेस' गरिरहने डिजिटल कठपुतली भइसक्यौँ । उड्ने, गुड्ने त पहिलेदेखि नै छँदै थिए, अब त कृत्रिम बुद्धिमत्ताको यस्तो बाढी आयो कि, हाम्रो 'प्राकृतिक बुद्धिमत्ता' त कुना पसेर, 'घुँडा धसेर' रोइरहेको छ । यो एआई पनि कस्तो 'अजीब' को चीज ! युद्ध गर्ने, सल्लाह दिने, लेख लेखिदिने, जे सोधे पनि 'भनिदिने' । यसरी हामीले हाम्रो दिमागलाई त मेसिनको 'जिम्मा' लगाइसक्यौँ । अब हामीले गर्ने चाहिँ के त ? सायद, हामी अब 'दिमाग' को 'डेथ वारेन्ट' मा हस्ताक्षर गरेर, 'मेसिन' को 'मस्ती' हेरेर बस्ने 'दर्शक' मात्र हौँ । हाम्रो दिमाग त अब 'डाटा' को 'डम्पिङ साइट' मात्र भएको छ, जहाँ नयाँ कुरा 'उब्जाउने' होइन, पुरानो कुरा 'उजाड' बनाउने र 'रिसाइकल' गर्ने काम भइरहेको छ ।

हामीलाई लाग्छ, हरेक कुरा 'नेट' बाटै 'डाउनलोड' गर्न सकिन्छ । ज्ञान चाहियो ? गुगलबाट 'डाउनलोड' ! सीप चाहियो ? युट्युबबाट 'डाउनलोड' ! भावना चाहियो ? इमोजी 'डाउनलोड' ! सम्बन्ध चाहियो ? डेटिङ एपबाट 'प्रोफाइल' 'डाउनलोड' ! हुँदा हुँदा, अब त मानिसहरू 'खुसी' र 'शान्ति' पनि 'डाउनलोड' गर्न खोज्दै छन् । एउटा 'मेडिटेसन एप' 'डाउनलोड' गरेर पाँच मिनेट 'आँखा चिम्लेपछि' लाग्छ–'मोक्ष' त मेरै 'डाउनलोड फोल्डर' मा आइपुग्यो ! कतिपयलाई त लाग्छ, सायद 'खाना' र 'पानी' पनि एक दिन 'डाउनलोड' गर्न मिल्नेछ । 'भर्चुअल रियालिटी' को चस्मा लाएर, 'बिरयानी' को 'थ्रीडी मोडल' 'डाउनलोड' गरेर, त्यसको 'गन्ध' सुँघेरै पेट भर्ने दिन धेरै टाढा छैन । आखिर, हामीलाई त 'पचाउनु' भन्दा 'हेर्नु' र 'देखाउनु' मा बढी रस छ । 'इन्स्टाग्राम' मा 'खाएको' फोटो हालेपछि पेट नभरे पनि 'मन' त भरिन्छ नि, हैन र ? यो 'डाउनलोड' को लतले हामीलाई 'कर्मवीर' होइन, 'डाउनलोडवीर' बनाएको छ । हामीलाई 'मेहनत' र 'प्रतीक्षा' को 'बीउ' रोप्न मनै लाग्दैन । हामी त कम्युटर/मोबाइलमा बसीबसी 'तयारी फसल' को 'डाउनलोड लिङ्क' खोजिरहन्छौँ । कसैले राम्रो 'लेख' लेख्न भन्यो, 'डाउनलोड' र 'कपी-पेस्ट' ! कसैले राम्रो 'पेन्टिङ' बनाउनु छ, 'डाउनलोड' र 'प्रिन्ट' ! हाम्रो आफ्नो 'सिर्जनशीलता' त अब 'रिसाइकल बिन' मा कुहिएर बसेको छ ।

हामीलाई लामो समय र प्रतीक्षा त मनै पर्दैन । खेतबारीमा अन्न उब्जन पाँच छ महिना लाग्छ रे ! लौ, कस्तो 'झन्झट' ! यतिन्जेल पर्खने हामीसँग समय कहाँ छ र ? हामी त 'क्षणभर' मै 'रणवीर' बन्न चाहने र 'एक क्लिक' मै 'धनी' बन्न खोज्ने जमात पर्‍यौँ । हामीलाई बोरामा चामल किचेनमै 'फलाइदिने' मानिस चाहिन्छ, तर खेतमा गएर धानको 'बीउ' रोप्ने, 'पानी' लाउने र 'गोडमेल' गर्ने कुरा त हाम्रो 'शान' र 'मान' को विरुद्ध भइह्मल्छ नि ! दाउरा र चुलाको जमाना त 'डायनासोर' जस्तै भइसक्यो । ग्याँस पनि अब 'अलि पुरानो' भएर 'बिस्तारै' घरबाट 'विस्थापित' हुँदै छ, किनकि अब 'इन्डक्सन' आइसक्यो, जसले एक 'क्लिक' मै 'कराही' तात्छ र अर्को 'क्लिक' मा 'भातै' पाक्छ । बारीमा उब्जाएको तरकारी पनि घामपानीमा 'टिपेर' र 'चिमोटेर' आफूले ल्याउनुभन्दा 'अनलाइन' बाट घरमै कसैलाई 'ल्याइमाग्नु' कता हो कता उत्तम ! आखिर, हामी त 'अर्डर' का 'दास', 'डेलिभरी' का 'आस' न पर्‍यौँ ! अझ आधुनिक बुहारी परिन् भने त कुरा अर्कै छ ! "आज त सबै जना होटलमै गएर खाऊँ न है ! म माइतीलाई पैसा तिराउँछु" भन्न बेर छैन । यहाँ बुहारीलाई मात्र के दोष दिनु, घरका हरेक सदस्य 'होम डेलिभरी' को 'लत' मा परेका छन् । माइतीको त कुरै छाडौँ, अब त 'बरु इन्द्रको बाउ चन्द्र' लाई नै पनि पैसा तिराउनु परोस्, तर घरमा कहिले पनि रोटी नबेलियोस्, दुःख नझेलियोस् । सबैले रमाइलो गरून्, दुःख नगरून् । हाम्रो जिब्रोले नै अब 'पोषण' होइन, 'स्वाद', 'सहजता' र 'देखावटी' मात्र खोजिरहेको छ त !

विद्यार्थीलाई त झन् लामो प्रश्न होइन, 'छोटो उत्तर' र 'मल्टिपल च्वाइस' चाहिएको छ । 'ज्ञान' को 'गहिराइ' भन्दा 'जानकारी' को 'सतह' मा पौडिन हामीलाई आनन्द आउँछ । 'रट्ने' काम हामीलाई 'राक्षस' जस्तो लाग्छ तर 'बुझ्न' भने तुरुन्तै मन लाग्छ । परीक्षाको अघिल्लो रात 'नेट' बाट 'गेस पेपर' र 'सोलुसन' 'डाउनलोड' गरेर, 'पास' हुने 'जुगाड' लगाउनु नै हाम्रो शिक्षाको 'परम लक्ष्य' भएको छ । कर्मचारीलाई कागज, कलमै होइन, 'कम्प्युटर' ले काम गर्ने दिन आए । 'फाइल' को 'चाङ' भन्दा 'फोल्डर' को 'भण्डार' मा हराउन सजिलो छ । 'बोस' को 'गाली' खानुभन्दा 'इमेल' को 'रिप्लाइ' दिन सजिलो छ । विकसित देशमा कृषिका कठिन कार्य पनि मेसिनले गर्ने दिन आइसके । मानिस त बस्, 'बटन' दबाउने र 'स्क्रिन' हेर्ने 'बाहुबली' मात्र भएका छन् । माटोमा त अब कोही पनि काम नगर्ने भएपछि अवस्था कस्तो होला, कल्पना गर्नुहोस् त ! एक दिन 'गहुँ' र 'धान' को 'थ्रीडी मोडल' 'डाउनलोड' गरेर, 'फ्याक्ट्री' मा 'प्रिन्ट' गरेर खाने दिन नआउला भन्न सकिएन ।

हुँदा हुँदा अब कुनै दिन यस्तो पनि आउला जहाँ खानेकुरा खान पनि, संसारमा खाने कुरा पर्याप्त नभएर वा खान समय लाग्ने भएर यसो गन्ध लिएका भरमा वा 'भर्चुअल' स्वाद चाखेका भरमा 'अघाउँजी' भइएला । 'सुँघेर' अघाउने, 'हेरेर' पेट भर्ने, र 'पोस्ट' गरेर 'मन' शान्त पार्ने भएपछि हाम्रो जीवन कस्तो होला त ? सायद, एक दिन हामी यस्ता 'मेसिन' र 'रोबोट' बन्नेछौँ, जसको 'उठेको ठुलो भाग्य' त हुनेछ, तर 'सोच्ने दिमाग' र 'भावुक मन' भने हुने छैन ।

यतिन्जेल यो लामो 'आत्मपुराण' अर्थात् आफ्नै पुराण सुनेर तपाईंलाई हतार भयो होला । तर, तपाईंले यो लेख 'पढ्नुभयो' होइन, बस यसो 'हेर्नुभयो' मात्र होला वा सायद, कसैले 'पढेको' 'अडियो' 'डाउनलोड' गरेर 'सुन्नुभयो' होला ! किनकि अचेल कसैसँग 'पढ्ने' र 'सोच्ने' समय कहाँ छ र ? बस, 'स्क्रोल' गर्ने, 'लाइक' गर्ने, 'शेयर' गर्ने, र 'बिर्सने' ! हाम्रो दिमाग त अब अन्तै कताकता 'अपलोड' भइसक्यो, अब त हामी 'शरीर' मात्र हौँ, जो 'मोबाइल चार्ज' हुँदा 'हाँस्छ' र 'डिस्चार्ज' हुँदा 'रिसाउँछ' । विकासको यो 'दौड' र 'डाउनलोड' को 'हैरानी' मा हामीले 'दिमाग' र 'मानवीयता' लाई त गुमायौँ नै । सायद अब 'शरीर' र 'अस्तित्व' पनि 'गुमाउने' पालो आउँदै छ । तर के भन्नु, आखिर हामीलाई 'सजिलो' र 'छिटो' न चाहिएको हो !

जय होस् यो 'डिजिटल दासता' र 'डाउनलोड' को व्यस्तता । जय होस् हाम्रो यो 'फुटेको दिमाग' को सोच-जसलाई 'मेसिन' ले चलाउँछ, 'नेट' ले नचाउँछ र 'इन्टरनेट' ले नै बचाउँछ (भनेर हामी भ्रममा छौँ) !

लघु कथा

## विचार

बचु यादव

सुमन सर, वैशाख १८ गते मे १ को दिन मनाइने अन्तर्राष्ट्रिय मजदुर दिवसमा जाने होइन ! ? जनकपुरको एक विद्यालयमा कार्यरत शिक्षकद्वय सुमन ठाकुरसँग चिया खाने क्रममा उक्त जिज्ञासा राखे । सुमन सर देश अनि विश्वको राजनीति, परिवर्तनबारे त्यति चासो र अध्ययन गर्दैनथे । त्यसैले चियाको एक चुस्की लिएपछि सुमन सरले समिर सरलाई आफूले बुझेको कुरा भने, "म त मजदुर होइन, सामान्य शिक्षक मात्र हुँ । यो मजदुर दिवसले मलाई के दिन्छ ? यसले मेरो तलब सुविधा बढाई दिँदैन क्यारे !

समिर सरले पनि चियाको चुस्की लिएपछि भने, "सुमन सर यो मजदुर दिवसले विचार दिन्छ । हरेक वस्तु, घटनालाई वस्तुसङ्गत ढङ्गले हेर्ने आँखा दिन्छ । विचार नै मानिसको सबैभन्दा ठुलो र सशक्त हतियार हो । यसलाई कसैले झुकाउन सक्दैन । यही विचारले हिजो आज अमेरिकालगायत विश्वमा मजदुर आन्दोलन हुँदै छ । यही आन्दोलनले मजदुरको काम गर्ने समय र घण्टा, तलबलगायत अन्य सुविधा पायो । यही विचारले भीमसेन थापालाई देशभक्त र वीर योद्धा बनायो । उनी विश्वलाई आफ्नो मुठीमा राख्छु भनेर निस्केको बेलायती साम्राज्यवादसँग लडे । उनले देशलाई जोगाए । बेलायती साम्राज्यवादलाई एसियाबाटै भगाउन खोजियो तर नेपाली विभीषण, देशद्रोहीहरूले गर्दा त्यो पूरा भएन । त्यही विचारले गंगालाललाई गंगालाल बनाए । संहिद गंगालाल श्रेष्ठ राणा शासनसँग पटक्कै झुकेनन् । हामीले प्रजातन्त्र पायौँ । विश्व सर्वहारा वर्गका महान् गुरु कार्ल मार्क्सले संसारलाई मार्क्सवादी विचार दिनुभयो । यही विचारको हतियार प्रयोग गरेर लेनिनले १९१७ को अक्टोबर समाजवादी क्रान्ति सफल पार्नुभयो । यही विचारले रुस, चीन, क्युवा र प्रजग कोरिया अमेरिकी साम्राज्यवादलाई हाँक दिँदै छन् । शान्ति भए शान्ति, युद्ध भए युद्ध ।"

फेरि समिर सरले थपे, "तपाईं आफूलाई भारी बोक्ने भरियाजस्तो मजदुर होइन म सामान्य शिक्षक मात्र हुँ भन्नुहुन्छ । तपाइँ पक्कै पनि दिनभरि भारी बोकेर गुजारा गर्ने भरियाजस्तो बलको काम गर्ने शारीरिक मजदुर होइन । तपाईं हामी विद्यार्थीलाई शिक्षा, ज्ञान, विद्या, सीप बाँड्ने, सिकाउने बुद्धिको काम गर्ने बौद्धिक मजदुर हौँ । त्यो सेवा दिएबापत हामीलाई विद्यालयले तलब सुविधा दिएको हो । त्यही सुविधा प्रयोग गरेर हामी बाँच्दै छौँ ।

ए त्यसो पो । विचार भन्ने कुरा ठुलो रहेछ । पहिलाका मजदुरहरूले दिन रात चौबिसै घण्टा जोखिम मोलेर पशुले जस्तो काम गर्नु परेको रहेछ । ओहो ! मलाई त त्यस्तो कुरा केही थाहा छैन । खालि आफ्नो लागि पढियो । परिवारको लागि मात्र काम गरियो, हिँडियो । बस त्यतिमै सीमित भएर म त दिउँसोको लाटोकोसेरोजस्तो भएँ । ल म मेरा साथीहरूलाई पनि सँगै लिएर मजदुर दिवसमा सहभागी हुन्छु । मेरो विचारको आँखा खोलिदियौ । चियाको पैसा मै दिन्छु भन्दै चियाको पैसा दिएर त्यहाँबाट दुवै गए ।

## भक्तपुर

न्हुछेरत्न वुद्धाचार्य

चौबीस सय वर्षदेखि यो प्राचीन बस्ती
ख्वप्रिङ नामले प्रसिद्ध थियो
सबैको आस्थामा थियो, हृदयमा थियो
'भक्तपुर' नगरको प्रतिस्थापना गर्ने आनन्ददेव

श्रमदानको इतिहास सिर्जना गरेर
यो पुण्यभूमिमा पाँचतले मन्दिर निर्माण गर्ने
मजबुत कलाकृति सांस्कृतिक सम्पदालाई
सम्पूर्ण जगतमा फैलाउने भूपतीन्द्र मल्ल ।

रणजित मल्लको कलाकृति प्रेम
कलापूर्ण प्रसिद्ध सुनको ढोकामा झल्कियो
विश्व प्रसिद्ध मयुर झ्यालमा समेटियो
श्रमिक कलाकारहरूको बेजोड कला प्रदर्शन

यो सांस्कृतिक नगरका श्रमिकहरूले
लिल्छविकालीन संस्कृतिलाई बचाइराखे
हरेक गल्लीभित्रको रमणीय चोकहरूमा
लोकगीत लोकनाच प्रदर्शन हुन्छ

विश्वका पर्यटकहरू सम्पदापूर्ण स्थानमा आगमन हुन्छ
पच्चपन्न झ्याल अवलोकन गरेर मोहित हुन्छ
प्रत्येक मन्दिरका टल्केका गजुरहरूभित्र
प्राचीन संस्कृति झल्किरहन्छन्

ऐतिहासिक, सांस्कृतिक कला साधनाका स्मारकहरू
यो श्रमभूमिको कुशल कालीगडहरूको परिश्रमको फल हो
भादगाउँको कालो टोपी पहिरन गर्नेहरू कति फूर्तिलो देखिन्छ
'जुजु धौ' को स्वाद चाख्नेहरू कति स्वस्थ जीवन बिताउँछन्

छोपिएको थियो हिजो यहाँ अँध्यारोले
ल्याएको थियो जनसेवकहरूले उज्यालो
यो नवयुगको आकाशमा यो सहर प्रगतिपथमा लम्किरहेछ
सामाजिक परिवर्तनको जागरणतिर बढिरहेको छ

नाचगानको सहर चिनिन्छ विश्वमा
एक ऐतिहासिक प्राचीन नगर भनेर सबैको मनमा भिजेको छ
नौलो सिर्जना नौलो अभियानको आह्वानले गुञ्जिरहेको बस्ती
श्रमिकहरूको त्याग तपस्या योगदान गरेको पवित्र भूमि हो भक्तपुर !

कविता

## काम गर्नेलाई एकै बुँदा काफी

माया

ए सरकार !
आफ्नै सांसदहरू धर्नामा किन ?
हिजो हुन्थ्यो यस्तो
आज दोहोरियो किन ?
नयाँ नयाँ भन्थ्यौ
पुरानो चाला किन ?
एक सय बुँदाको वाचापत्र
एकसय बुँदाको कार्यसूची
चाहिन्छ किन ?
काम गर्नेलाई
विद्युत्तीकरण एक बुँदा
काफी किन छैन ?
विदेशीलाई दिइएको नदीनाला
फिर्ता लिन्छौ
भन्न किन सक्दैनौ ?
नयाँ पनि भन्ने
निरन्तरताको विच्छेद
होइन भन्छौ किन ?
जनताको सरलतामा
फाइदा लुट्छौ किन ?

## दुई दिन बिदा

आर.के. विद्रोही

भोकै पेटले सपना बोके,
आशा राखे शिक्षामाथि,
आफ्नै छाक काटेर पनि
भविष्य खोजे नानीमाथि ।
समयले साथ नदिँदा,
अर्थतन्त्रले थिच्दा गाह्रै,
दुई दिन बिदाको निर्णयले
अभिभावकलाई बढायो पीडा साह्रै ।
दुई दिनको स्कूल बिदा,
बाल मन भयो अलमल,
मोबाइल, टीभीको छायामा
हराउँदै छ उज्यालो पल ।
पढाइ घट्दै, समय टर्दै,
भविष्य हुन्छ अनिश्चित,
लामो कक्षाले थाक्छ मन,
सपना बन्छ अलिकति क्षणिक ।
अभिभावकको एउटै चाहना,
सुनियोस् तिनको आवाज,
छलफल, समझदारीसँग
बनोस् नीतिको नयाँ समाज ।
बालमैत्री शिक्षा फुलोस्,
मन, मस्तिष्क होस् सबल,
भोलिको देश उज्यालो बनाउन
आजको निर्णय होस् सफल ।
भोकै पेटले सपना सिच्ने,
शिक्षामा आशा बोकेका बुबाआमा,
तर नीतिको हतारो चालले
झन् बढायो चिन्ताको छाया ।
दुई दिनको लामो बिदाले
पढाइ टाढा, कुलत नजिक,
बाल मन, भविष्य र सपना
अल्झिन्छ अनिश्चित दिशा अनिश्चित ।
हाम्रो चाहना सरल छ;
सुनियोस् अभिभावकको आवाज,
बालमैत्री शिक्षा बनोस्,
उज्यालो होस् भोलिको आज ।

## प्रण


साहिँला

*प्रण गरौँ हामी सबैले*
*हातमा हात मिलाई*
*देशभक्ति भावनाले*
*बढौँ एक भई ।*
*नयाँ पुस्ताको जोसै नयाँ*
*युवा शक्तिको यो प्रण*
*सिक्ने सिकाउने मौका*
*गरौँ भरपुर प्रयोग ।*
*सभ्य र शालीन स्वभाव*
*देखाउनै पर्छ अब*
*दम्भ र अहम् होइन*
*मिलनसार भएर ।*
*देशको सार्वभौमिकता*
*रक्षा गर्ने जिम्मेवार*
*सचेत युवा भइकन*
*लाग्नुपर्छ भनी प्रण ।*
*सोच्नै हुन्न विनाशी मन*
*त्यागनैपर्छ हे जन*
*विध्वंशले त नासै गर्छ*
*अरूको के बिग्रन्छ ?*
*जसको हातमा तरबार*
*उसको दरबार*
*गर्नुहुन्न देशभक्तले*
*भुलेर नि अरूको भर ।*
*स्वदेशमै रोजगारीको*
*बन्दोबस्त गर्ने हो*
*आफ्नै खुट्टामा उभिएर*
*देखाउने बेला हो ।*

## अडानको राजनीति

सत्य सुवाल

कसैलाई तपाईंको अनुहार देख्नासाथ असहजता हुन्छ,
कसैलाई त्यहीँ अनुहारमा आत्मीयता भेटिन्छ;
यो भिन्नता तपाईंमा होइन, हेर्ने दृष्टिमा हुन्छ ।
ठीक त्यस्तै, वर्तमान राजनीतिमा,
कसैका लागि कुनै शक्ति आशा हो,
अर्काका लागि त्यहीँ निराशा ।
एउटै कदम कसैलाई दूरदर्शिता लाग्छ,
अर्कालाई स्वार्थको खेल ।
हार र जित यहाँ सत्यको अन्तिम फैसला होइन,
यो त समय, सन्दर्भ र जनधारणाको अस्थायी प्रतिबिम्ब मात्र हो ।
भीडले उठाएको हातले सिंहासन बनाउँछ,
तर विचारले मात्र इतिहास बनाउँछ ।
आजको विजेता भोलिको प्रश्न बन्न सक्छ,
आजको पराजित भोलिको उत्तर ।
किनकि लोकप्रियता क्षणिक हुन्छ,
तर सिद्धान्त समयभन्दा लामो बाँच्दछ ।
त्यसैले;
हामीलाई भीडसँग बग्नु छैन,
हामीलाई क्षणिक जितको लोभमा झुक्नु छैन ।
हामी उभिनु छ त्यहीँ ठाउँमा,
जहाँ सत्य एक्लै भए पनि अडिग रहन्छ,
जहाँ विचार थोरै भए पनि झुक्दैन ।
किनकि अन्ततः,
भीडले दिएको जित क्षणिक हुन्छ,
तर सत्यका लागि अडिएको हार पनि
इतिहासको सबैभन्दा ठुलो विजय बन्न सक्छ ।



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको आतिथ्यमा ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा शुक्रबार २०७२ सालमा गएको विनाशकारी भूकम्पको स्मरणमा भएको प्रवचन कार्यक्रम । *तस्बिर : मजदुर दैनिक*

# क्रमभङ्ग परिवर्तनको निम्ति हुनु आवश्यक

काठमाडौँ, ११ वैशाख । क्रमभङ्ग गरेर नाक फुलाउने एक नेता हुन् पुष्पकमल दाहाल । तात्तातो बोल्ने, तालि पिताएर आनन्द लिने उनी आफ्नै तात्तातो भाषणले थला पर्ने र ऐस आरामको लागि कुनै रेष्टुराँमा पसेर थकाइ मार्ने उनको विगतको रीति थियो । यस्तो पाइलालाई उनी चमत्कार भन्थे, कार्य कुशलताको क्षमता भन्थे । छिनछिनमा बोली फेरेर माफी माग्दै हिँड्ने उनको रीति कतिलाई जाती हुन्थ्यो होला त कतिलाई फुस्रो भाषण लाग्थ्यो होला । यसरी नै अहिलेको बालेन्द्र नेतृत्वको सरकारले पनि क्रमभङ्ग गर्दै पाइला चाल्ने यात्राको आरम्भ गर्‍यो ।

संसद् आह्वानको २४ घण्टामै अधिवेशनको स्थगित समाचार सुन्दा कसलाई पो मज्जा लाग्ला ? विज्ञ सांसदहरू भएको धक्कु लगाउने कुन नेताको कमान्डमा संसद् अधिवेशनको आह्वान भयो र कुन नेताको दबाबमा स्थगित गरियो ? संसद् आह्वानको मसी नसुक्दै संसद् स्थगितको आह्वान कसको बुद्धिले भयो ? त्यो आह्वान किन पचिएन ? संसद् आह्वानको मसी नसुक्दै संसद् स्थगित गर्ने काम कुन नेताको कारण भयो ? मन्त्रीहरूमा दिव्यदृष्टि खोइ ? बजेट अधिवेशनको तयारी नपुगेको खबर प्रधानमन्त्रीको कानमा पुगेन कि ! कि पुगेर पनि ध्यानकेन्द्रित भएन ?

संसद् अधिवेशन आह्वानको एक दिन नबित्दै स्थगित भएको सरकारको निर्णय सायद यो पहिलो हो । संसद् अधिवेशन स्थगित गरेर क्रमभङ्ग गर्ने मन्त्रिपरिषद्का मन्त्रीहरू विचारेर निर्णय गर्दैनन् कि क्या हो ? के सरकार चलाउनु भनेको केटाकेटी खेलाउनु हो ? केटाकेटी पारामा सरकार चलाउनु हो ? सरकारको क्रमभङ्ग यो पहिलो पटक अवश्य होइन । युवाहरूको यो सरकारले यो भन्दा अघि पनि क्रमभङ्ग गर्ने निर्णय गरेर 'बहादुरीपूर्ण' काम गरेको कसलाई थाहा छैन र ! देशको नेतृत्व गर्नु भनेको चुपचाप घण्टीमा छाप' हाल भनेर खोकेजस्तै होइन नि ! एक दिन नबित्दै संसद् अधिवेशन स्थगितको खबरले राष्ट्रपति रामचन्द्र पौडेललाई के नमज्जाको अनुभूति हुँदैन र ! राष्ट्रपति पौडेललाई के भन्नु ! सरकारको निर्णय पालना गर्नु उनको दायित्व नै भयो । सरकारको यो निर्णयले जनतामात्र होइन सांसदहरू पनि तीनछक्क परे । कतिले कस्तो सरकार भनी टिप्पणी गरे । टिप्पणीमाथि टिप्पणी गर्दै कतिले सरकारको खेदो खने । धिक्कार ! प्रधानमन्त्री भन्दै कानेखुसी गर्ने सांसदहरूको कमी छैन ।

संसद् आह्वान गर्नु गलत होइन । तर, सरकारले विचारेर निर्णय नगर्दा सरकार हतारमा निर्णय गर्न कम्मर कसेको थाहा भयो । कामको निम्ति कम्मर कस्नु अन्यथा होइन । कम्मर कसेर धोती फुस्केको पो नमज्जा ! सरकारको हतारमा गर्ने निर्णयले देशमा गलत सन्देश प्रवाह भएको छ । गलत सन्देशले राम्रो काम कसरी हुन्छ ? क्रमभङ्ग देश र जनताको हितमा भए कसैले डाहा गर्नु मनासिब होइन । परिवर्तनको निम्ति गरिएको भए कसैले दिमाग तताउनुपर्ने होइन । त्यो टाउको दुखाइको विषय पनि होइन । प्रधानमन्त्री र मन्त्रीहरूले दिमागलाई तताएर सतही निर्णय गर्ने होइन । बरू ठण्डा पारेर सही निर्णय गर्न मन्त्रीहरू कम्मर कसेर लागे जाती हुनेछ ।

सरकारले बेलैमा बुद्धि पुर्‍याओस् । बुद्धि पुर्‍याएर देश र जनताको भलो हुने काम गरोस् । क्रमभङ्ग गर्ने नाउँमा धोती खुस्कने काम नहोस् । पाँच वर्षको समय अवधि छ । हतारमा काम गरेर पछुताउन नपरोस् । दौड्दा चिप्लिएर लड्यो भने देशकै दुर्गति हुन्छ । लड्दै घाइते हुँदै अघि बढ्यो भने गन्तव्यमा कसरी पुग्छ ? गन्तव्यबिनाको यात्रा कसरी सफल हुन्छ ?

# यातायात सेवा कार्यालय सञ्चालनमा आएसँगै पूर्वी कैलालीका नागरिकलाई सहज

घोडाघोडी (कैलाली), ११ वैशाख । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले कैलालीको लम्कीचुहा-४ बलियामा यातायात व्यवस्था सेवा कार्यालयको उद्घाटन गर्नुभएको छ । शुक्रबार एक कार्यक्रमकाबिच उहाँले सेवा कार्यालयको उद्घाटन गर्नुभएको हो ।

पूर्वी कैलालीका नागरिकलाई आवागमनमा सहजता हुने विश्वास लिइएको छ । जिल्लाको पूर्ववर्ती क्षेत्रका जनतालाई सेवा उपलब्ध गराउनका निमित्त बलियामा सेवा कार्यालय स्थापना गरिएको हो ।

उद्घाटन समारोहमा मुख्यमन्त्री शाहले जनतालाई सेवा प्रवाह गर्नका निमित्त प्रदेश सरकार कटिबद्ध भएर लागिरहेको बताउनुभयो । उहाँले यातायात व्यवस्था सेवा कार्यालयको स्थापनासँगै यस क्षेत्रका जनताले राहतको अनुभूति गर्ने विश्वास व्यक्त गर्नुभयो ।

मुख्यमन्त्री शाहले भन्नुभयो, "जनप्रतिनिधिहरूले जनताले दिएको जनमतको सम्मान गर्दै जनताप्रति उत्तरदायी र जवाफदेही हुनुपर्छ । मुलुकको विकासका लागि तीनै तहका सरकारबिच समन्वय, सहकार्य र सहअस्तित्व हुनुपर्छ ।"

यस क्षेत्रको विकासका लागि चालु आर्थिक वर्षमा प्रदेश सरकारले रु. एक अर्ब बराबरको बहुवर्षीय ठेक्का स्रोत सुनिश्चित गरेको मुख्यमन्त्री शाहले जानकारी दिनुभयो । लम्कीचुहा प्रादेशिक अस्पतालका लागि चालु आवमा प्रदेश सरकारले रु. चार करोड ५० लाख बजेट विनियोजन गरेको जानकारी दिँदै उहाँले यस वर्ष सञ्चालनमा आउन नसके रकम 'फ्रिज' भएर जाने बताउनुभयो ।

लम्कीचुहा प्रादेशिक अस्पताल सञ्चालनका लागि आवश्यक परे कानुनसम्मत रूपमा लचकता अपनाउन प्रदेश सरकार तयार रहेको मुख्यमन्त्री शाहले बताउनुभयो । यस क्षेत्रका नागरिकलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले आफू निरन्तर प्रयासरत रहेको भन्दै उहाँले सोहीअनुरूप कानुनी दायराभित्र रही आवश्यक लचकता अपनाइने धारणा राख्नुभयो ।

टीकापुरमा प्रस्तावित टीकापुर विज्ञान तथा प्राविधिक विश्वविद्यालय निर्माणका लागि सबै पक्षबिच सहकार्य र समन्वय आवश्यक पर्नेमा जोड दिँदै मुख्यमन्त्री शाहले आधुनिक प्रविधिको युगमा विश्व बजारसँग प्रतिस्पर्धा गर्न सक्षम जनशक्ति उत्पादन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उक्त विश्वविद्यालयले क्षेत्रीय पहिचान स्थापित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

सेवा कार्यालय स्थापनासँगै लम्कीचुहा नगरपालिका, मोहन्याल गाउँपालिका, जानकी गाउँपालिका, टीकापुर नगरपालिका, जोशीपुर गाउँपालिका, बर्दगोरिया गाउँपालिकालगायत क्षेत्रका जनतालाई सहजता हुनेछ ।

कार्यालय व्यवस्थापनका लागि स्थानीय झुप्रे रावतले पाँच वर्षका लागि आफ्नो घर निःशुल्क उपलब्ध गराउनुभएको छ । लम्कीचुहा नगरपालिका-४ का वडाध्यक्ष ताराप्रसाद अधिकारीको सभापतित्वमा भएको कार्यक्रमको सञ्चालन वडा नं ३ का वडाध्यक्ष लवबहादुर शाहीले गर्नुभएको थियो । ***रासस***

***नयाँ....***

"दुर्भाग्यवश उनीहरूले प्यालेस्टिनी जनताले भोगिरहेको अवस्थालाई परिवर्तन गर्न सकेका छैनन् । उनीहरू प्यालेस्टिनी जनताको रक्षा गर्न असमर्थ छन्," उहाँले दुखेसो पोख्नुभयो ।

यद्यपि उहाँले यो पनि स्वीकार गर्नुभयो कि "उनीहरू (प्यालेस्टिनी) लाई काम गर्न धेरै स्वतन्त्रता छैन ।"

मरवान बरघोटीको भविष्य अज्ञात छ ।

गाजा युद्ध सुरु भएदेखि इजरायलले उहाँलाई कुनै पनि कैदी आदानप्रदानमा रिहा गर्न अस्वीकार गरेको छ ।

"उहाँ वर्तमान इजरायली सरकारको वर्तमान महत्त्वाकाङ्क्षाका लागि राजनीतिक खतरा हुनुहुन्छ," अरबले भन्नुभयो ।

तर अरब र उनको परिवारले आफ्ना बुबालाई कहिल्यै रिहा नगर्न सक्ने कुनै पनि विचारलाई स्वीकार गर्न अस्वीकार गर्नुहुन्छ । यो 'हामीले सोचेको विकल्प होइन' ।

"उहाँ मेरो र समस्त प्यालेस्टिनीको नायक हुनुहुन्छ । उहाँ पक्कै पनि मेरो देशको 'नमुना व्यक्ति' हुनुहुन्छ । एक प्यालेस्टिनीको रूपमा उहाँले मलाई आशा दिनुहुन्छ र म कुनै पनि तरिकामा उनको दृष्टिकोणलाई समर्थन गर्न चाहन्छु ।"

# कैलालीमा सन्देशमूलक कार्यक्रम



कैलाली, ११ वैशाख । नेपाल मजदुर किसान पार्टी कैलालीको आयोजनामा मतदातालाई धन्यवाद, केन्द्रीय समितिको बैठकको सन्देश कार्यक्रम शुक्रबार जानकी गाउँपालिका-४ कञ्चनपुरमा सम्पन्न भयो ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले मादल चिह्नमा मतदान गर्ने सम्पूर्ण मतदातालाई धन्यवाद व्यक्त गर्नुभयो ।

देश र जनताको निःस्वार्थपूर्वक सेवाबाहेक नेमकिपाको स्वार्थ नभएको स्पष्ट पार्दै उहाँले कामदार जनताको हित हुने समाजवादी व्यवस्था स्थापनाको लागि नेमकिपा सङ्घर्षरत रहेको बताउनुभयो ।

कार्यक्रममा रमेशकुमार रावल, गगनबहादुर थापा मगर, सुनिता भण्डारालगायतले बोल्नुभएको थियो ।

# पूर्वमन्त्री विक्रम पाण्डे पक्राउ

काठमाडौँ, ११ वैशाख ( रातोपाटी) । प्रहरीले पूर्वमन्त्री विक्रम पाण्डेलाई पक्राउ गरेको छ । सरकारी बोलपत्रको वेबसाइटमा पहुँच राखेर ठेक्का आफ्नो कम्पनीलाई पारेको कसुरमा उनलाई पक्राउ गरिएको हो ।

पाण्डेलाई काठमाडौँबाट पक्राउ गरिएको सीआईबीका एआईजी डा. मनोज केसीले पुष्टि गर्नुभयो ।

पाण्डे कालिका कन्स्ट्रक्सनका सञ्चालक हुन् । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का नेता पाण्डेविरुद्ध सिक्टा सिंचाइ आयोजनामा भ्रष्टाचार गरेको कसुरमा अख्तियारले २०७५ मा मुद्दा दायर गरेको थियो । २०७९ मा उनी सहरी विकास मन्त्री भएका थिए ।

# सुकुमवासी बस्ती खाली गर्ने विषयविरुद्ध रिट दायर

काठमाडौँ, ११ वैशाख । काठमाडौँका विभिन्न नदी किनारा र सार्वजनिक स्थानमा बनाइएका बस्ती खाली गर्न लागिएको विषयविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको छ । गोपाल रनपहलीसहित ११ जनाले सुकुमवासीलाई बस्ती खाली गर्न लगाइएको विषयविरुद्ध रिट निवेदन दायर गर्नुभएको सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले जानकारी दिनुभयो ।

काठमाडौँका नदी किनाराका सुकुम्वासी बस्ती आज बेलुका ७:०० बजेसम्ममा खाली गर्न जिल्ला प्रशासन कार्यालय र काठमाडौँ महानगरपालिकाले सूचना जारी गरिसकेका छन् । रिट निवेदनमा काठमाडौँ उपत्यका तथा देशैभरिका नदी किनार वा जुनसुकै स्थानका सुकुमवासी बस्तीका भूमिहीन परिवारको पहिचान, प्रमाणीकरण र वैकल्पिक व्यवस्था नगरी कुनै पनि परिवारलाई हटाउने, उठाउने, विस्थापित गर्ने वा कुनै पनि किसिमको जबरजस्ती कारबाही नगर्नु/नगराउनु भनिएको छ । रासस

मानसिक स्वास्थ्यप्रति सचेत बनौं।

मानसिक समस्याका लक्षण:
❖निराश हुनु,
❖तनाव तथा चिन्ता महशुस हुनु,
❖बेलाबेलामा डर लाग्नु,
❖बिनाकारण पसिना आउनु,
❖गहिरो निद्रा नपर्नु,

मानसिक समस्या निदानको लागि:
❖नियमित व्यायाम गरौं,
❖आफ्ना भावना खुल्लारूपमा व्यक्त गरौं,
❖परिवार र साथीहरूसँग समय बिताऔं,
❖योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,

आवश्यक परेमा चिकित्सकसँग परामर्श गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा